छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३३९ • २०८३ साल बैशाख २५ गते शुक्रबार (8 May, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## एसपीविहीन धनुषा प्रहरी

**टुडे समाचारदाता**

जनकपुरधाम। जिल्ला प्रहरी कार्यालय धनुषा करिब अढाइ सातादेखि प्रमुखविहीन बनेको छ।

धनुषा जिल्लाको शान्ति सुरक्षाको जिम्मेवारी बोक्ने निकाय रहेको जिल्ला प्रहरी कार्यालय अहिले करिब १८ दिनदेखि प्रमुखविहीन हुँदा बाहिरी तथा आन्तरिक कामकारबाही प्रभावित हुँदै आएको छ।

केन्द्रीय सरकार फेरबदल भएसँगै विभिन्न जिल्लाका कमान सम्हाल्दै आएका प्रहरी उपरीक्षक( एसपी) समेत रहेका प्रमुखहरुको सरुवा भएको थियो। तर सो अनुसार धनुषा जिल्लामा भने जिल्ला प्रहरी कार्यालयका प्रमुखको सरुवा भएन।

प्रहरी अधिकारीहरुको सरुवा बढुवा भएको केही महिना नबित्दै मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका डीआइजीसमेत विवादमा तानिए। उच्च प्रहरी अधिकार ीसमेत बिचौलियाहरुसंगको मिलेमतोमा मोटो कमिसन खाने गरेको मोबाइल संवादसहितको क्लीप बाहिरिएपछि प्रहरीहरुबीच नै हड्कम्प मचेको थियो।

जस अनुसार सो घटनामा संलग्न रहेको आरोपमा सादा पोशाकमा लामो समयदेखि कार्यरत प्रहरी अधिकारीसमेत निलम्बनमा परेका छन् भने सो घटनामा प्रदेश प्रहरीका डीआइजी गोविन्द थपलियासमेत मुछिएका थिए। अहिले उनी पनि केही दिनदेखि प्रदेश प्रहरी कार्यालयमा हाजिर भएका छैनन्।

### डा.शर्मा प्रधानन्यायाधीशमा सिफारिस

# संवैधानिक परिषद्को बैठकमा ४/२ बाट निर्णय, तीन वरिष्ठ पन्छाइए

**टुडे समाचारदाता**

काठमाण्डु ।संवैधानिक परिषद् सम्बन्धी अध्यादेश जारी भएको चार दिन भित्रै बसेको परिषद्को बैठकले सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा मनोजकुमार शर्मालाई सिफारिस गरेको छ।

प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'को अध्यक्षतामा बिहीवार साँझ बसेको संवैधानिक परिषद्को बैठकले उनलाई उक्त पदमा नियुक्तिका लागि सिफारिस गरेको प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले सामाजिक सञ्जालमार्फत् उक्त सिफारिसको पुष्टि गरेकी छन्।

संवैधानिक परिषद्बाट सिफारिस भएका डा.शर्मा संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि मात्रै नेपालको प्रधानन्यायाधीशमा नियुक्त हुन योग्य हुने छन्।

सिफारिसको निर्णयमा वरीयताक्रम मिचिएको भन्दै राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले 'असहमति' जनाए।

डा.शर्माले सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँललाई पञ्छ्याउँदै प्रधानन्यायाधीशमा सिफारिस भएका हुन् ।सर्वोच्चको इतिहासमा प्रथम पटक वरीयता मिचिएको बताइएको छ ।वरीयता अनुसार प्रधानन्यायाधीशमा सिफारिस हुने चलन रहेकाले निर्णयमा सर्वसम्मति हुँदै आएको थियो।

नेपालको संविधानको धारा २८४ मा प्रधानमन्त्रीको अध्यक्षतामा रहने ६ सदस्यीय



संवैधानिक परिषद्ले प्रधानन्यायाधीश नियुक्तिको सिफारिस गर्ने व्यवस्था छ।

परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रियसभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य रहने व्यवस्था छ।

तर प्रधानन्यायाधीश नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा नेपाल सरकारको कानुन तथा न्यायमन्त्री सदस्य रहने व्यवस्थाअनुरूप बिहीवारको बैठकमा मन्त्री सोबिता गौतम सहभागी थिइन्।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश पद रिक्त हुनुभन्दा एक महिना अगावै संविधान बमोजिम नियुक्तिका लागि सिफारिस गर्नु पर्ने व्यवस्था भए तापनि यस पटक उक्त प्रक्रिया ढिलो भएको हो।

निवर्तमान प्रधानन्यायाधिश प्रकाशमानसिंह राउतको अध्यक्षतामा फागुन अन्तिम साता बसेको बैठकले न्याय परिषद्ले भावी प्रधानन्यायाधीशका लागि सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा, नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम पठाएको थियो।

जानकारहरूका अनुसार संवैधानिक परिषद्ले वरिष्ठताको रोलक्रमका आधारमा वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने अभ्यास रहँदै आएकोमा यसपटक उक्त क्रम भंग गरिएकोछ।

प्रधानन्यायाधीश र सर्वोच्चका अन्य न्यायाधीशहरूको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ ।संसदीय सुनवाईको चरण पार गरेपछि प्रधानन्यायाधीशमा डा.शर्मालाई राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्ति गर्ने छन् । सरकारले संवैधानिक परिषद्बाट हुने नियुक्ति सहजीकरणका लागि यसै साता अध्यादेशमार्फत् कानुन संशोधन गरेको थियो।

अध्यादेशका अनुसार संवैधानिक परिषद् मा पूर्ण उपस्थिति भएको बैठकमा कम्तीमा तीन जनाको मतका आधारमा परिषद्ले निर्णय लिन सक्ने व्यवस्था छ।

त्यसै गरी पाँच जना सहभागी बैठकमा समेत कम्तीमा तीन जनाको निर्णय परिषद्को निर्णय मानिने छ।

यी दुवै अवस्थामा परिषद्का अध्यक्ष रहने प्रधानमन्त्रीको उपस्थिति अनिवार्य र पक्षमा हुनुपर्ने व्यवस्था छ । बैठक बस्नका लागि अध्यक्षसहित चार जना उपस्थित हुँदा गणपुरक संख्या मानिने छ ।परिषद् बैठकमा सत्तापक्ष मात्रैले पनि निर्णय गर्न सक्ने गरी अध्यक्षसहित तीन जना थिए ।तर बैठकमा उपसभामुख रुबी कुमारीले पनि सत्तापक्षको निर्णयमा सहमति जनाएकी थिइन्।

सभामुख डीपी अर्याल रास्वपा सांसदका रूपमा निर्वाचित भएका थिए। विपक्षी दलको नेता भीष्मराज आङ्देम्बे कांग्रेसका छन् भने राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल नेकपाका उम्मेदवारका रूपमा उक्त पदमा निर्वाचित बनेका हुन्।

उपसभामुख रुबी कुमारी श्रम संस्कृति पार्टीको सांसदका रूपमा उम्मेदवार बन्दा सत्तारूढ रास्वपाले उनलाई सघाएको थियो।

प्रचलित परम्परा तोडेर शर्मालाई प्रधानन्यायाधीश बनाउन परिषद्का अध्यक्ष रहेका प्रधानमन्त्री बालेन्द्र शाहले सिफारिस गरेपछि राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल र प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले असहमति जनाएका छन्। प्रधानन्यायाधीश सिफारिसमा रोलक्रम मिचिएपछि उनीहरूले असन्तुष्टि जनाएका हुन्।

'वरिष्ठताको आधारमा प्रधानन्यायाधीश सिफारिस हुने यसअघिको प्रचलित परम्परा तोडिएको छ। त्यसमा सहमत हुन सकिएन भन्दै राष्ट्रिय सभा अध्यक्ष र प्रतिपक्षी दलका नेताले असहमति जनाएका छन्।

प्रधानन्यायाधीश राउतको कार्यकाल सकिएपछि नेतृत्वविहीन रहेको सर्वोच्च अदालतमा हाल वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले कायममुकायमका रूपमा नेतृत्व गरिरहेकी छन्।

वीरगन्जमा जन्मिएका ५६ वर्षीय शर्मा कानुन व्यवसायीको पृष्ठभूमिबाट आएका व्यक्ति र पूर्व प्रधानन्यायाधीश दामोदर शर्माका भतिजा हुन् ।उमेरका आधारमा उनी प्रधानन्यायाधीशको छ वर्षे कार्यकाल पूरा गर्ने छन्।

उनी तत्कालीन पुनरावेदन अदालत बुटवल र पाटनमा न्यायाधीश भइसकेका व्यक्ति हुन्। सात वर्षअघि उनी सर्वोच्च अदालतका न्यायाधीश नियुक्त भएका थिए।

शर्माले नेपाल ल क्याम्पस, काठमाण्डुबाट बीएल र भारतको पुणे विश्वविद्यालयबाट एलएलएम गरेको सर्वोच्च अदालतको वेबसाइटमा उल्लेख छ।

### कर्मचारीले मुख्यमन्त्रीलाई टेरेनन्

# निजी सचिवालयका कर्मचारीको तलब रोकियो

**टुडे समाचारदाता**

जनकपुरधाम । जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव फेरि विवादमा तानिएका छन् । १० जना निजी सचिवालय कर्मचारी नियुक्त गरेपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयले तलब नै रोकेपछि मुख्यमन्त्री यादव फेरि विवादमा तानिएका छन्।

मुख्यमन्त्रीमा नियुक्ति भएदेखि नै यादवले आफ्ना आसेपासेलगायतको हालीमुहाली बनाएका नै छन् । जनमत पार्टीले मुख्यमन्त्री यादवलाई दिएको समर्थन फिर्ता लिएको एक दिन नबित्दै पुनः स्वकीय कर्मचारी नियुक्ति गरेपछि तलब नै रोक्का भएको कुरा सतहमा आएपछि प्रशासनिक रुपमा पनि विवाद छताछुल्ल भएको छ।

मुख्यमन्त्री यादवले आफ्नो निजी सचिवालयमा १० जना कर्मचारी नियुक्त गरेपछि उनीहरूको तलबभत्ता रोकिएपछि चर्चा चुलिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार यादव मुख्यमन्त्री नियुक्त भएपछि निजी सचिवालय विस्तार गर्दै स्वकीय सचिव, कम्प्युटर अपरेटर, चालक, कार्यालय सहयोगी लगायत विभिन्न पदमा १० जनालाई नियुक्त गरिसकेका छन् । निजी सचिवालयको नाममा महिनैपिछे आसेपासेलाई नियुक्त गर्दै हालीमुहाली बढाउँदै गएपछि मुख्यमन्त्री यादवको यस कार्यशैलीको कर्मचारीहरुले समेत तलबभत्ता निकासमा विरोध गर्दै आएका थिए। जसले गर्दा दुई महिना अघि देखि नै यादवको निजी सचिवालयमा रहेकाहरुले तलबभत्ता पाउन सकेका छैनन्।

संघीय सरकारले खर्च कटौतीसम्बन्धी परिपत्रसंग ती नियुक्ति बाझिएको भन्दै प्रशासनिक कर्मचारीहरूले तलब निकासा गर्न अस्वीकार गर्दै आएका छन्।

स्रोतले जनाए अनुसार मुख्यमन्त्री यादवले करिब दुई महिनाअघि नै नियुक्त कर्मचारीहरूको तलब भुक्तानीका लागि लेखा शाखालाई निर्देशनसहित फाइल पठाएका थिए। तर लेखा तथा प्रशासन शाखाका कर्मचारीले संघीय सरकारको निर्देशन विपरीत तलब निकासा गर्न नमिल्ने अडान लिएपछि विवाद चुलिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत एक कर्मचारीले जनाए अनुसार संघीय सरकारले प्रदेश सरकारका मन्त्री




तथा मुख्यमन्त्रीको निजी सचिवालयमा बढीमा तीनजना मात्रै कर्मचारी राख्न पाउने परिपत्र जारी गरिसकेको अवस्थामा १० जनाको तलब निकासा गर्दा आफूहरु समस्यामा पर्ने छौँ।

'संघीय सरकारले प्रस्ट रुपमै यस अघि नै परिपत्र पठाइसकेको छ । तीन जनाभन्दा बढी नियुक्ति गर्न नमिल्ने भनिएको अवस्थामा १० जनाको तलब निकासा गरियो भने भोली त्यसको जिम्मेवारी कर्मचारीमाथि आउँछ,' ती कर्मचारीले भने, 'त्यसैले फाइल अगाडि बढ्न सकेको छैन।'

मुख्यमन्त्री यादवले तलबी रुपमा निजी सचिवालयमा नियुक्ति गरेकाहरु भन्दा पनि हालीमुहाली रहेका उनका आसेपासेहरु नै सेटिंगदेखि असुलीमा रहने गरेका छन्।

विभिन्न मन्त्रालयमा आफ्ना मान्छे राख्ने गरेका छन् भने कमिसन असुलीका लागि अलग्गै मान्छे मुख्यमन्त्री यादवले राखेका छन्। मुख्यमन्त्री यादवले वैधानिक रुपमा निजी सचिवालयमा राखेकाहरु भने प्रायः देखिदैनन्। तर सरकारी कागजीमा निजी सचिवालयमा नरहेकाहरुको भने हालीमुहाली रहेको छ । हरेक मन्त्रालयदेखि ठूला योजनाहरुबारे खोजखबर गर्ने र ठेकेदारदेखि कर्मचारीहरुसंग समेत रकम असुली गर्ने गरेको एक कर्मचारीले नै दुखेसो पोखे।

मुख्यमन्त्रीको निजी सचिवालयमा नियुक्त गरिएका व्यक्तिहरूमध्ये स्वकीय अधिकृतमा कमलदेव यादव, कम्प्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल तथा कार्यालय सहयोगीमा विद्यालाल राउत र संजितकुमार यादवलगायत रहेको जनाइएको छ।

तथापि मधेश प्रदेशमा लागु रहेको 'मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५' ले भने मुख्यमन्त्रीलाई स्वकीय सचिवालयमा १४ जनासम्म कर्मचारी राख्न सक्ने व्यवस्था दिएको छ। यही कानुनी व्यवस्थालाई आधार बनाएर मुख्यमन्त्री यादवले नियुक्त गरेका छन्।

तर जेन- जी आन्दोलनपछि संघीय सरकारले सबै तहमा सरकारी खर्च कटौती अभियान अघि बढाएको थियो। सोही क्रममा ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले केन्द्र, प्रदेश र स्थानीय तहमा अनावश्यक प्रशासनिक खर्च घटाउने निर्णय गरेको थियो।

त्यसपछि अर्थ मन्त्रालयले असोज ७ गते जारी गरेको परिपत्रमार्फत प्रदेश सरकारका मन्त्री र मुख्यमन्त्रीको सचिवालयमा बढीमा तीनजना मात्रै कर्मचारी राख्न सकिने व्यवस्था लागु गरेको थियो।

प्रदेश सरकार अहिले यसै विषयमा कानुनी र प्रशासनिक बहस गरिरहेको छ।

एकातर्फ प्रदेश ऐनले १४ जनासम्म निजी सचिवालय राख्न सक्ने अधिकार दिएको छ भने अर्कोतर्फ संघीय सरकारको परिपत्रले संख्या तीनजनामा सीमित गरेको छ । यही द्वन्द्वका कारण नियुक्त कर्मचारीहरू दुई महिनादेखि तलबभत्ताबाट समेत वञ्चित हुँदै आएको छ।

केही दिनदेखि नै मुख्यमन्त्री यादवले पनि आफ्ना सचिवालयका कर्मचारीले लामो समयदेखि तलबभत्ता नपाएको गुनासो गर्दै आएका थिए।

उनले अप्रत्यक्ष रूपमा प्रशासनिक अवरोधका कारण समस्या उत्पन्न भएको बताउँदै आएका थिए।



# वन कार्यालय बाराको गस्ती सक्रिय

टुडे समाचारदाता



बारा । बाराको जितपुरसिमरा उपमहानगरपालिका-१ स्थित दुधौरा खोलाबाट अवैध रूपमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन भइरहेको अवस्थामा डिभिजन वन कार्यालय बाराको गस्ती टोलीले एक जेसीबी र दुई टिपर नियन्त्रणमा लिएको छ ।

डिभिजन वन कार्यालय बाराका वन अधिकृत राजेश कुमार साहको नेतृत्वमा खटिएको टोलीले बिहीबार दिउँसो करिब १२:४५ बजे उक्त सवारीसाधन नियन्त्रणमा लिएको डिभिजनल वन अधिकृत सुजित कुमार झाले जानकारी दिए ।

नियन्त्रणमा लिइएका सवार ीसाधनमध्ये ना ७ ख ४८२५ नम्बरको टिपर र मधेश प्रदेश ०३-००१ क ३०११ नम्बरको टिपर रहेका छन्। साथै अवैध उत्खननमा प्रयोग भइरहेको एक जेसीबीसमेत नियन्त्रणमा लिइएको वन कार्यालयले जनाएको छ ।

गस्ती टोलीमा डिभिजन वन कार्यालय बाराका सशस्त्र वन रक्षक कमाण्डर नागेन्द्र बैठासहित सुरक्षा तथा वनकर्मीको सहभागिता रहेको थियो। टोलीले अवैध उत्खननमा संलग्न सवारीसाधन नियन्त्रणमा लिएर थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाएको छ ।

वन कार्यालयका अनुसार जितपुरसिमरा उपमहानगरपालिकाबाट नदिजन्य पदार्थ उत्खननको ठेक्का पाएको ठेकेदारले वन क्षेत्रभित्र नियमविपरीत घाटगद्दी राख्ने, जथाभावी उत्खनन गर्ने तथा वातावरणीय अध्ययन प्रतिवेदन विपरीत कार्य गरेको पाइएकाले कारबाही स्वरूप सवारीसाधन नियन्त्रणमा लिइएको हो ।

डिभिजन वन कार्यालय बाराले प्राकृतिक स्रोतको अवैध दोहन रोक्न नियमित अनुगमन तथा गस्तीलाई अझ कडाइ गरिने जनाएको छ ।

# सीमा नाकामा कडाइ गरिएपछि महोत्तरीमा तस्करी नियन्त्रण

जलेश्वर । भारतसँग खुला सीमा जोडिएको महोत्तरी जिल्लामा पछिल्ला दिनमा सुरक्षाकर्मीले सीमा नाका जाँचमा कडाइ गरेपछि तस्करी नियन्त्रणमा आएको छ । सशस्त्र प्रहरी र नेपाल प्रहरीले भारतीय सीमा क्षेत्रमा जाँमा कडाइ गरेपछि तस्करी नियन्त्रण भएको भन्सार कार्यालयका सूचना अधिकारी भरतराज अधिकारीले बताउनुभयो ।

सङ्गठित तस्करी नरोकिएको जनगुनासो बढेपछि प्रहरीले सीमावर्ती मटिहानी, पर्सापतैली, बिसनपुर, मसुरपट्टी, धबौली, मलिवारा, नैन्ही, हलखोरी, बथनाहा, मरुवाही, सकरी, कट्टी कटैया, सङ्ग्रामपुर, सम्सी, रघुनाथपुर, खैरबन्नीलगायत भारतीय सीमा क्षेत्रमा सक्रियता बढाएको छ । प्रहरीले तस्करी रोकेपछि भारतको सीतामढी र मधुबनी जिल्लाका प्रहरीले ती नाकामा कडा निगरानी गर्न थालेका भन्सार कार्यालयले जनाएको छ ।

यसैबीच, सीमा नाकामा तस्करी रोकिएपछि नेपाली बजारमा उपभोग्य वस्तुको बिक्रीवितरण बढ्नुका साथै मूल्य आकासिँएको स्थानीय बताउँछन् । साथै नाकामा कडाइ गरिएपछि सरसामान किनमेल गर्न सीमापारी (भारतीय बजार) जाने क्रम घट्न थालेको स्थानीय व्यापारी बताउँछन् ।

यसअघि भारतीय बजार मूल्यको हाराहारीमा सामान पाइने यहाँका बजारमा अहिले १५ देखि १७ प्रतिशतले दैनिक उपभोग्य वस्तुको मूल्य बढेको छ । सीमा नाकामा प्रहरीद्वारा गरिएको कडाइले महँगी बढ्नुका साथै बजारमा उपभोग्य वस्तुको अभाव देखिन थालेको व्यापारीको भनाइ छ ।

चोरी पैठारी नियन्त्रणको क्रममा सशस्त्र प्रहरीले गत चैत १३ गतेदेखि हालसम्म गरिएको सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो । सीमा नाकामा अहिले सशस्त्र प्रहरी र नेपाल प्रहरीको २४ घण्टे गस्ती र कडा निगरानी बढाएको सुरक्षा निकायले जनाएका छन् । रासस

# हुलाकी राजमार्ग अवरुद्ध

टुडे समाचारदाता



लहान । सिरहाको बरियारपट्टीस्थित हुलाकी राजमार्ग स्थानीयवासी र व्यापारीले अवरुद्ध गरेका छन् ।

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टिमा छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेपछि त्यसको विरोधमा स्थानीयवासी आन्दोलनमा उत्रिएका हुन् ।

बरियारपट्टी गाउँपालिका-३ स्थित बरियारपट्टी चोकमा प्रदर्शनकारीहरूले सडकको बीचभागमा बेन्च राखेर हुलाकी मार्ग अवरुद्ध गरेका छन्। बिहान करिब ८:३० बजेदेखि सुरु भएको अवरोधका कारण सो क्षेत्रको यातायात प्रभावित बनेको छ।

प्रदर्शनमा बजार व्यवस्थापन समिति अध्यक्ष अम्बेय कुमार यादव, सुखीपुर उद्योग व्यापार समिति सचिव सञ्जय कुमार यादव, वडा अध्यक्ष विनोद यादवलगायत करिब एक सय जनाको सहभागिता रहेको बताइएको छ।

प्रदर्शनकारीहरूले बरियारपट्टी छोटी भन्सार कार्यालय पुनः सञ्चालन गर्नुपर्ने माग राख्दै सरकारको निर्णय तत्काल फिर्ता लिन आग्रह गरेका छन्। आन्दोलनका कारण हुलाकी राजमार्ग भएर सञ्चालन हुने सवारी साधन आवतजावतमा ठप्प भएको स्थानीयले बताएका छन्।

# हलेसी तुवाचुङ नगरपालिकाले विस्थापित नागरिकको आवास बनाउन सहयोग गर्ने



खोटाङ । यहाँको हलेसी तुवाचुङ नगरपालिकाले काठमाडौँलगायत विभिन्न सहरबाट विस्थापित भएका नगरवासीलाई आवास निर्माणमा सहयोग गर्ने भएको छ ।

सङ्घीय सरकारले काठमाण्डु उपत्यका तथा अन्य जिल्लाका अतिक्रमित बस्तीका संरचना हटाउने अभियान सञ्चालन गरेपछि विस्थापित भएका नगरवासीलाई आफ्नै गाउँ फर्किएर बसोबास गर्न चाहेमा सहयोग गर्ने निर्णय गरेको हो ।

नगर कार्यपालिकाको बुधबार बसेको बैठकले आफ्नो गाउँ फर्किन इच्छुक नगर क्षेत्रका नागरिकलाई आफ्नै जग्गामा घर निर्माणमा सहयोग गर्ने निर्णय गरेको नगरप्रमुख विमला राईले जानकारी दिनुभयो । "सरकारले देशभरका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमणमुक्त बनाउने अभियान सञ्चालन गरेको छ", उहाँले भन्नुभयो, "त्यस क्रममा विस्थापित भएका नगरवासीलाई सम्मानपूर्वक जीवनयापनका लागि आफ्नै ठाउँमा फर्कन आह्वान गरेका छौँ । जग्गा भए पनि बस्न घर नभएका परिवारलाई नगरपालिकाले आवास निर्माणमा सहयोग गर्नेछ ।"

नगर कार्यपालिकाले विस्थापित नगरवासीको लगत सङ्कलन गर्न उपप्रमुख रमेशकुमार राउतको संयोजकत्वमा समिति गठन गरेको छ । समितिले सूचना जारी गरी आवेदन आह्वान गर्ने र आफ्नो ठाउँमा फर्कन इच्छुक परिवारको पहिचान गरी आवास निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख राईले जानकारी दिनुभयो । नगरका प्रवक्ता एवं वडा नं ७ का अध्यक्ष कमल गिरीका अनुसार आवास निर्माणका लागि प्रतिपरिवार रु पाँच लाख उपलब्ध गराइनेछ ।

यसैबीच, जिल्लाका १० वटा स्थानीय तहलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण तीन दिनभित्र पेस गर्न जिल्ला प्रशासन कार्यालयले परिपत्र गरेको छ । प्रशासकीय अधिकृत प्रभात ढकालले अतिक्रमित जग्गाको पहिचानसहित अतिक्रमण हटाउने योजनासमेत पेस गर्न भनिएको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी रेखा कँडेलका अनुसार गृह मन्त्रालयको वैशाख १६ गतेको निर्देशनका आधारमा उक्त विवरण मागिएको हो । "अतिक्रमित जग्गा राज्यको स्वामित्वमा ल्याउन सरकारले पहल थालेको छ । लगत सङ्कलनपछि आवश्यक प्रक्रिया पूरा गरी अतिक्रमित संरचना हटाउनेछौँ", उहाँले भन्नुभयो । रासस

# बर्खा लाग्यो, तर हिउँ पर्न छाडेन



मुस्ताङ । हाल मुस्ताङ भ्रमण गर्ने सबैभन्दा अनकूल याम चलिरहेको छ । हिउँदयामको चिसो र हिउँ पर्ने समय टरिसकेकाले यस यामलाई मुस्ताङ भ्रमणको अनुकूल याम मानिन्छ । हाल हिउँदयाम सकिएर गर्मीयाम सुरु भइसके पनि यहाँ अझै हिउँ पर्ने क्रम भने रोकिएको छैन ।

बुधबार यहाँको वारागुङ मुक्तिक्षेत्रमा आंशिक हिउँ परेको छ, जसकारण यहाँ चिसो बढेको छ। मुक्तिनाथस्थित हाई अल्टिच्युड ट्रिटमेन्ट सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी सरोज घर्तीले बुधबार मुक्तिनाथ क्षेत्रमा करिब एक घण्टाभन्दा बढी समयसम्म हिउँ परेको बताउनुभयो । हिउँ परेसँगै आसपासका नाँगा डाँडाकाँडा फेरि हिउँले सेताम्मे भएको उहाँको भनाइ छ ।

गर्मीयाम सुरु भइसक्दा पनि मुक्तिनाथमा बेमौसमी हिमपातले दर्शनार्थी भक्तजनलाई मुक्तिनाथ यात्रामा असजह भएको स्वास्थ्यकर्मी घर्तीले उल्लेख गर्नुभयो । मुक्तिनाथ क्षेत्रमा योसँगै यस वर्ष आठौँ पटक हिमपात भएको हो । यसलाई स्थानीय जानकारकर्ताले जलवायु परिवर्तनको प्रभावका रूपमा विश्लेषण गरेका छन् । वसन्त ऋतुको समयमा पालुवा पलाएर मौसम पनि गुल्जार हुने समयमा मौसम प्रतिकूल बन्नु र हिउँ पर्नु यहाँका लागि राम्रो नभएको वारागुङ मुक्तिक्षेत्र–१ का वडाध्यक्ष प्रमेश गुरुङले बताउनुभयो ।

वारागुङ मुक्तिक्षेत्र-१ अन्तर्गत खिङ्गा, झारकोट, लुप्रा र पुराङ रानीपौवालगायत गाउँमा हिउँदयामको बिदाइ र बर्खायामलाई स्वागत गर्दै 'धछ्याङ' पर्व मनाइसकिएको छ । बेमौसमी हिमपातले अन्नबाली र विशेष गरी स्याउका फूलहरू नष्ट गर्ने चिन्ता बढेको वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो ।

यस वर्षको हिउँदयाममा यहाँ पटक पटक हिउँ परे पनि वैशाख महिनामा हिउँ पर्नु अनौठो भएको वारागुङ–१ का खिङ्गा गाउँका मुखिया ल्हाक्पाटसी गुरुङले उल्लेख गर्नुभयो । हिउँदयाममा परेको हिउँ कृषकका लागि फाइदाजनक भए पनि बेमौसमी हिमपातले कृषि र पर्यटन क्षेत्रलाई असर पुऱ्याउने उहाँले बताउनुभयो । रासस

# अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध

काठमाण्डु । इजरायलस्थित नेपाली राजदूतावासले इजरायल तथा साइप्रसमा रही कोही कसैले पनि अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध गरेको छ ।

त्यहाँस्थित दूतावासले बुधबार सूचना जारी गरी इजरायल तथा साइप्रसमा रही कसैले त्यस्तो काम कारोबार गरेको भए त्यस्तो कार्य गर्ने, गराउनेको विवरण प्रमाणसहित राजदूतवासमा जानकारी गराउन आग्रहसमेत गरेको छ । यसले अनौपचारिक रूपमा हुने विप्रेषणलाई रोक्ने कार्यमा सहयोग पुग्ने दूतावासको अपेक्षा छ ।

सूचनामा भनिएको छ, "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम कारोबार (हुण्डी) गरेका वा सङ्कलित रकम नेपाल नपठाएको गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने व्यवस्था भएबमोजिम राजदूतावासले सोसम्बन्धी सूचना राजदूतावासमा उपलब्ध गराउन समय समयमा सूचना प्रकाशित गर्दै आएको छ ।'

नेपाल सरकार (मन्त्रिपरिषद्) ले गत चैत १३ मा स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीको बुँदा नं ४५ मा एकीकृत 'डिजिटल' सम्पत्ति दर्ता प्रणालीको स्थापना गर्ने, जोखिममा आधारित संकेत्त प्रणाली लागू गर्ने तथा सन्देहात्मक कारोबारको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसन्धान प्रक्रिया अगाडि बढाउने उल्लेख भएको दूतावासको उल्लेख गरेको छ । रासस

# कबुलियत गराएर भन्सार जाँचपास थालियो

वीरगञ्ज । मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान भित्रिने वीरगञ्ज भन्सार कार्यालयको जाँचपास प्रक्रिया फेरि सञ्चालनमा आएको छ ।

भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्दा झण्डै एक साता रोकिएको भन्सार जाँचपास प्रक्रिया आयातकर्ताले वस्तु तथा सामानको (अधिकतम खुद्रा मूल्य) आफैं घोषणा गर्नुपर्ने र गोदाममा पुऱ्याएर एमआरपी तोक्नुपर्ने कबुलियत गरेसँगै फेरि सञ्चालनमा आएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले भन्सारमा आयातकर्ताले एमआरपी घोषणा गर्नुपर्ने र गोदाममा समान पुऱ्याएपछि एमआरपी लगाएर मात्रै बजारमा पठाउने कबुलियत गरेपछि मात्रै बुधबारदेखि जाँचपास प्रक्रिया अघि बढेको बताउनुभयो ।

"हामी भन्सार जाँचपासको प्रक्रिया गराउन तम्तयार थियौँ । तर, आयातकर्ता भन्सार जाँचपास गर्न्ने फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो'', उहाँले भन्नुभयो, ''अहिले केही समयका लागि कबुलियत गराएर भन्सार जाँचपास गराउन आयातकर्ता तयार भएका छन् ।''

यही वैशाख १५ गतेदेखि २२ गतेसम्म आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका थिएनन् । यस कारणले भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढेको थियो । सूचना अधिकारी विष्टले बुधबार मात्रै करिब रु ७५ करोड बराबरको भन्सार राजस्व सङ्कलन भएको बताउनुभयो ।

"अहिले भन्सार जाँचपासको प्रक्रिया अघि बढिरहेको छ", उहाँले भन्नुभयो । वीरगञ्ज भन्सार कार्यालयले दैनिक रु ५० करोडदेखि रु ६० करोडसम्म राजस्व सङ्कलन गर्दै आएको छ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले अहिलेको अवस्थामा एमआरपीको विषयमा अस्थायी समाधान मात्रै भएको बताउनुभयो । "हामीले एमआरपीको सन्दर्भमा स्थायी समाधान होस् भन्ने चाहेका थियौँ । अहिले अस्थायी रुपमा मात्रै समाधान भएको छ ।" रासस

# एक हजार आठ सयभन्दा बढी अव्यवस्थित बसोबासीलाई पुर्जा दिइने

इलाम । सामाजिक सञ्जालमा 'अव्यवस्थित बसोबासी हटाइने' भन्ने हल्ला चलेपछि रोङ गाउँपालिकाले पुर्जा वितरणको काम अन्तिम चरणमा पुगेको जनाएको छ ।

गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बो (सुवास)का अनुसार गाउँपालिकामा एक हजार ८५७ घरपरिवार अव्यवस्थित रहेकामा हालसम्म १५२ घरपरिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण सम्पन्न भइसकेको छ । बाँकीलाई पनि प्रमाणपत्र वितरणको काम अन्तिम चरणमा पुगेको छ ।

"रोङमा भूमिहीन दलित चार, भूमिहीन सुकुमवासी ६९ र एक हजार ७८४ अव्यवस्थित बसोबासी छन्", अध्यक्ष स्याङ्बोले भन्नुभयो, "वडा नं १ का १५२ घरपरिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण सकिएको छ । बाँकीको काम अन्तिम चरणमा छ । लगत सङ्कलन, प्रमाणीकरण र नक्साङ्कनको कार्य सकिएको छ । त्यसैले अव्यवस्थित बसोबासी हटाइने भन्ने हल्ला निराधार हो ।"

सङ्घीय सरकारले भूमि आयोग विघटन गरेपछि नयाँ आयोग गठन प्रक्रियाका कारण केही ढिलाइ हुनसक्ने भन्दै गाउँपालिकाले प्रमाणपत्र पाउन बाँकी नागरिकलाई नआत्तिन आग्रह गरेको छ । "सामाजिक सञ्जालमा फैलिएको भ्रम गलत हो । प्रचलित कानुनबमोजिम जग्गाधनी प्रमाणपत्र वितरण कार्यले निरन्तरता पाउनेछ । मापदण्ड पुगेका ऐलानी तथा अन्य जग्गामा बसोबास गरिरहेका नागरिकलाई हटाउने वा संरचना भत्काउने कुनै योजना छैन । भ्रमपूर्ण प्रचारमा नलाग्न आग्रह छ", गाउँपालिकाले एक सूचना जारी गरी आश्वस्त पारेको छ ।

अध्यक्ष स्याङ्बोले गाउँपालिका नागरिकको आवासको हकप्रति प्रतिबद्ध रहेको बताउँदै सामाजिक सञ्जालमा भनिए झै घर भत्काउने हल्लाबाट त्रस्त नहुन आग्रह गर्नुभयो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सम्बन्ध सुदृढ बन्नेछ तथा व्यापार र व्यवसायको क्षेत्रमा उन्नति हुनेछ । |
| वृष : | नियमित खर्चसमेत बढ्ने योग छ । |
| मिथुन : | मातापिता र अभिभावक वर्गसंग राम्रो हुनेछ । |
| कर्कट : | रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। |
| सिंह : | कामबाट लाभ हुने सम्भावना छ । लगानी गर्नु राम्रो हुन्छ । |
| कन्या : | दाम्पत्य जीव्न सुखद तथा समृद्ध बन्ने देखिन्छ । आम्दानी प्रशस्तै बढ्नेछ । |
| तुला : | नेतृत्व लिएर काम गरेको जाति हुन्छ । पराक्रम र उत्साहमा कमी आउने छ । |
| वृश्चिक : | पढाइमा प्रगति हुनेछ । मनमा व्यवसाय वा पेशामा परिवर्तनको धारणा पलाउनेछ। |
| धनु : | अधिकार प्राप्तिका लागि गरिएको पूतिस्पर्धामा विजयी भइनेछ । |
| मकर : | साथीसंगको भेटघाट रमाइलो हुनेछ, तर झगडा पनि हुन सक्छ । |
| कुम्भः | मानसिक तनावबाट मुक्त हुन कठिन छ । |
| मीनः | कानूनी क्रियाकलापमा विजय प्राप्त हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मेचीनगरका कक्षाकोठामा दुर्व्यसन रोकथाम गर्ने अभियान सुरु

झापा।मेचीनगरनगरपालिकाले लागुऔषध दुर्व्यसन रोकथामका लागि माध्यमिक तहका कक्षाकोठामा पुगेर सचेतना फैलाउने अभियान सुरु गरेको छ।

मेचीनगर-८ ईँटाभट्टास्थित आदर्श माध्यमिक विद्यालयबाट प्रारम्भ गरिएको अभियान नगरका १७ वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीमाझ पुऱ्याइने नगर प्रमुख गोपालचन्द्र बुढाथोकीले जानकारी दिनुभयो । लागुऔषधको दुर्व्यसनबाट विद्यार्थीलाई जोगाउने उद्देश्य लिइएको अभियान आगामी जेठ १८ गतेसम्म सञ्चालन हुने जनाउँदै उहाँले त्यसबाट हजारौँ विद्यार्थी लाभान्वित हुने अपेक्षा गरिएको बताउनुभयो ।

अभियानका क्रममा विज्ञ प्रशिक्षकले कक्षाकोठामै पुगेर लागुऔषधको दुर्व्यसनका नराम्रा असरका साथै यसले व्यक्ति, परिवार र समाजमा पुऱ्याउने क्षतिको विषयमा सचेतनामूलक जानकारी गराइने अभियानको सहजीकरण गरिरहेको सामुदायिक विकास मञ्चका सहजकर्ता गोविन्द न्यौपानेले बताउनुभयो ।

उहाँले पानीट्याङ्की, नक्सलबारीलगायत सीमावर्ती बजारमा सहजै उपलब्ध हुने ब्राउन सुगरसहित विभिन्न प्रकारका नशालु पदार्थ खुला सीमा हुँदै



भित्रिने भएकाले कलिलो उमेरका विद्यार्थी दुर्व्यसनमा फस्ने सम्भावन बढिरहेकाले सचेता फैलाउन थालिएको जानकारी दिनुभयो । अभियानका क्रममा हरेक विद्यालयमा विद्यार्थीलाई 'इको क्लब'मा सङ्गठित गरिने छ ।

प्रहरीको पछिल्लो तथ्याङ्कले मेचीनगर मुलुककै लागुऔषधको समस्याबाट प्रभावित मुख्य नगर हो । खैरो हेरोइन (ब्राउन सुगर)को कारोबार यस क्षेत्रको मुख्य समस्याका रूपमा देखिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक निशेष चापागाईंले बताउनुभयो । विद्यालय समयमा लागुऔषधले लट्ठिएको अवस्थामा विद्यार्थी भेटिन थालेपछि स्थानीय समुदाय यो समस्या समाधान गर्न पहल थालिएको उहाँको भनाइ छ।

ेचीनगर-६ स्थित पूर्वीनाका काँकडभिट्टाको मेची पुल, गैरीगाउँ र बाहुनडाँगी आसपासको सीमा क्षेत्रबाट दिनहुँ युवा लागुऔषधसहित पक्राउ पर्दै आएका छन्। अभियानको सञ्चालन नगरपालिकाको सामाजिक विकास शाखाले गरिरहेको छ भने सहजीकरण सामुदायिक विकास मञ्चले गरेको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक चापागाईंले लागुऔषधको समस्या र कारोबारीको जालो भयाबह रूपमा फैलिएको जनाउँदै भविष्यका कर्णाधार विद्यार्थीलाई यसबाट जोगाउन अभियान प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो। रासस

## पोखरा विमानस्थल प्रकरणः

# १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणका क्रममा मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिएर भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १४ जनामाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको छ।

नेपाल सरकारले ऋण स्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट जम्मा रु तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे/गराएको पुष्टि भएको अख्तियारको दावी छ। उक्त भ्रष्टाचार मुद्दामा दुई सचिवसमेत परेका छन्। मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिनेगरी सम्झौता गर्ने/गराउने र नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने/दिने कार्कीसहितका व्यक्तिविरुद्ध आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो।

प्रवक्ता अधिकारीका अनुसार अख्तियारले कार्कीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० बिगो कायम गरी मुद्दा दर्ता गरेको छ । कार्कीमाथि सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम



बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दाबी गरिएको छ।

यस्तै अख्तियारले अर्थ मन्त्रालयका तत्कालीन सचिव शङ्करप्रसाद अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपानेमाथि पनि सोही बराबरको बिगो कायम गरी कैद सजायँको माग दावीसहित मुद्दा दर्ता गरेको छ।

यस्तै, अर्थ मन्त्रालयका तत्कालीन सहसचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव सुरेश आचार्य र तत्कालीन सहसचिव डण्डुराज घिमिरे तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम, नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गत राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर योगेश अर्याल, अर्थ मन्त्रालयका तत्कालीन उपसचिव युगराज पाण्डे र तत्कालीन शाखा अधिकृत उर्मिला भण्डारीविरुद्ध पनि मुद्दा दर्ता भएको छ।

सोही मुद्दामा चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडका अध्यक्ष वाङ ओ र प्रोजेक्ट म्यानेजर याङ झियाङविरुद्ध पनि मुद्दा दायर गरिएको छ । विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडको आपसी मिलेमतो, योजना र संलग्नतामा पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माण क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण र ठेकेदार कम्पनीबीच भएको खरिद सम्झौतामा 'कन्ट्र्याक' मूल्य भित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी त्यस्ता कर, महसुल तथा अन्य शुल्कहरू ठेकेदार कम्पनीले नै प्रचलित नेपाल कानुनबमोजिम तिर्नु/बुझाउनुपर्ने प्रावधान रहेकामा बदि्नयत राखी उक्त प्रावधान विपरीत हुने गरी ठेकेदार कम्पनीलाई कर, महसुल तथा अन्य शुल्क छुट दिने भन्ने सर्त राखी सम्झौता गराएको देखिएको अख्तियारले दावी गरेको छ।

सोही सम्झौताका आधारमा 'कन्ट्र्याक' मूल्यभित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी भुक्तानी लिने तर उक्त भुक्तानी लिएको रकममा समावेश भएको करलगायतको महसुल राज्यकोषमा दाखिला नहुने गरी छुट प्राप्त गरी/गराई उक्त चाइनिज कम्पनीलाई दोहोरो लाभ दिएको पाइएको अख्तियारले मुद्दा दर्ता पनि जारी गरेको सूचनामा उल्लेख छ। रासस

# नौ महिनामा एक हजार बढीको शल्यक्रिया



ढोरपाटन। धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा विशेषज्ञ सेवा थपिँदै गएपछि बिरामीको चाप बढ्दै गएको छ । अञ्चल अस्पताललाई गण्डकी प्रदेश सरकारले स्तरवृद्धि गरी प्रादेशिक अस्पताल बनाएपछि बिरामीको सङ्ख्यासमेत बढेको हो ।

अस्पतालले चौबिसै घण्टा आकस्मिकसहित साना तथा ठूला शल्यक्रिया र विशेषज्ञ सेवालाई प्रभावकारी बनाउन थालेको छ । दुई वर्ष अगाडिसम्म सामान्य शल्यक्रियाका लागि पोखरा पुग्नुपर्ने बाध्यता रहेकामा अहिले जटिल किसिमका शल्यक्रिया गर्न पनि बिरामी यहीँ आउने गरेका छन्।

गत साउनदेखि हालसम्म यस अस्पतालमा एक हजार ४३ जनाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल रेकर्डर नवराज पौडेलले जानकारी दिनुभयो । एकसय जनाको हाडजोर्नीसम्बन्धी मुख्य अपरेशन, १९ जना आङ खसेका महिलाको शल्यक्रिया, १८ जनाको पित्तथैलीको शल्यक्रिया गरिएको पौडेलले बताउनुभयो।

एपेन्डिक्सका ३५ बिरामी, हर्नियाका ३५ र पाँच जना हाइड्रोसिलका बिरामीको शल्यक्रिया गरेको उहाँले बताउनुभयो। पौडेलका अनुसार यस अवधिमा मिनिल्याप सम्बन्धी २५, भ्यासेक्टोमी दुई, १७९ जना गर्भवती, इक्टोपिकसम्बन्धी तीन जनाको शल्यक्रिया गरिएको छ।

त्यस्तै, २०९ जनाको जनरल सर्जरी, हाडजोर्नीसम्बन्धी मध्यम तथा साना शल्यक्रिया १२० र ३९७ वटा विभिन्न रोगका जनरल सर्जरी गरेको उहाँले बताउनुभयो। शल्यक्रिया गरेकोमध्ये १०३ जना बिरामीको दुरबिन प्रविधिबाट शल्यक्रिया गरिएको पौडेलले बताउनुभयो। रासस

# कर्णालीका ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी रिक्त

कर्णाली । भौगोलिक रूपमा विकट मानिने कर्णाली प्रदेशका ७९ स्थानीय तहमा एक चौथाइ कर्मचारी दरबन्दी रिक्त रहेको छ। सङ्घीय सरकारको स्वीकृत दरबन्दीअनुसार यहाँका ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी कर्मचारीविहीन रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ।

कूल पाँच हजार ६६० स्वीकृत दरबन्दी रहेकामा एक हजार ३६३ दरबन्दी रिक्त रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार कूल दरबन्दीमध्ये चार हजार २९७ कर्मचारी कार्यरत छन्।

सम्बन्धित पालिकाको पठाएको विवरणअनुसार शिक्षा सेवातर्फ पाँचौँदेखि नवौँ/दशौँ तहका १८३ स्वीकृत दरबन्दीमा १३२ पदपूर्ति र ५१ दरबन्दी रिक्त छन्। इञ्जिनियरिङ सेवातर्फ एक हजार ५५ स्वीकृत दरबन्दीमा ६३४ पदपूर्ति र ४२१ रिक्त रहेका



छन् भने यो सेवामा नवौँ/दशौँ तहमा शून्य पदपूर्ति रहेका सचिव विकले बताउनुभयो।

उहाँका अनुसार प्रशासन सेवातर्फ एक हजार ५४१ स्वीकृत दरबन्दीमा एक हजार ६४ पदपूर्ति हुँदा ४७७ रिक्त छ । स्वास्थ्य सेवातर्फ एक हजार ८८४ स्वीकृत दरबन्दीमा एक हजार ७३२ पदपूर्ति र १५२ दरबन्दी रिक्त रहेका जनाइएको छ। कृषि सेवातर्फ ८१४ स्वीकृत दरबन्दीमा ५७७ पदपूर्ति र २३७ रिक्त छन्। विविध सेवातर्फ १८३ स्वीकृत दरबन्दीमा १५८ पदपूर्ति र २५ रिक्त रहेका कार्यालयका सचिव विकले जानकारी दिनुभयो।

प्रदेशका ७९ स्थानीय तहमध्ये डोल्पाको डोल्पो बुद्ध गाउँपालिकामा ५३ दरबन्दीमाध्ये १५ जना मात्र कार्यरत छन् । वीरेन्द्रनगर नगरपालिका सुर्खेतको १०५ स्वीकृत दरबन्दीमा ११६ जना कार्यरत छन् । यो पालिकामा ११ जना कर्मचारी बढी रहेका कार्यालयका सचिव विकले बताउनुभयो।

डोल्पो बुद्धमा दरबन्दीअनुसार कर्मचारी नदेखिनुमा करारबाट काम चलेको हुनसक्ने भन्दै सचिव विकले मुख्यमन्त्री कार्यालयले अब सबै स्थानीय तहको रिक्त दरबन्दीको विवरण मागेर प्रदेश लोकसेवा आयोगमा पठाउने र रिक्त पद पूर्ति गर्ने जनाउनुभयो। रासस

# स्वास्थ्य प्रतिष्ठानमा निमित्त निर्देशक नियुक्त

काठमाण्डु । सरकारले 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी भएपछि रिक्त रहेका विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल तथा बोर्डमा निमित्त निर्देशक नियुक्त गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज दैनिक प्रशासनिक तथा स्वास्थ्य सेवा सञ्चालनलाई सहज बनाउने उद्देश्यले रिक्त रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल र स्वास्थ्य बिमा बोर्डमा निमित्त नेतृत्व तोकेको हो।



स्वास्थ्यमन्त्रालयका अनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा प्राडा समिता पन्त, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा डा नरेन्द्र विक्रम गुरुङ, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सह प्राडा विनम्र विष्ट नियुक्त हुनुभएको छ। धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सह प्राडा इन्द्र लिम्बू, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङको निमित्त निर्देशकमा सह प्राडा सुरेश रसाइली नियुक्त हुनुभएको मन्त्रालयले जनाएको छ । भरतपुरस्थित बिपी कोइराला मेमोरियल अस्पताल क्यान्सर अस्पतालको निमित्त निर्देशकमा डा उमेश नेपाल र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रको निमित्त निर्देशकमा सहप्रा डा रविन्द्र भक्त तिमला नियुक्त हुनुभएको छ। त्यसैगरी, स्वास्थ्य बिमा बोर्डको निमित्त निर्देशकमा शकुन्तला प्रजापति नियुक्त हुनुभएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निषा मेहताले यी स्वास्थ्य यी प्रतिष्ठान, अस्पताल र बोर्डका दैनिक कामकाज प्रभावित हुन नदिन अस्थायी रूपमा निमित्त निर्देशक तोकिएको जानकारी दिनुभयो। उहाँका अनुसार सरकारले छिट्टै खुला प्रतिस्पर्धामार्फत नेतृत्व छनोट प्रक्रिया अघि बढाइनेछ । रासस


## श्री धनुष जनता (प्रा. तथा व्या. शिक्षा) मा. वि.

### धनुषाधाम नगरपालिका, धनुषा

### शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०१/२४ गते

धनुषाधाम नगरपालिका धनुषाको च.नं. ९७३, ९७४, र ९७५ मिति २०८३/०१/२३ अनुमति र सिफारिश एवंम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/२३ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका शिक्षक तथा कर्मचारी पदहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक सरोकारवाला सबैले आजको मितिले १५ दिन भित्र योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल :-

| क्र.स. | विज्ञापन नं. | प्रकार | विषय/पद | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८२/०८३ | अस्थायी करार | का.स. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७५ अनुसार |
| २. | ०२/२०८२/०८३ | अस्थायी करार | स.लेपा. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७३ अनुसार |
| ३. | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि.तृ. (overseer) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. ९७४ अनुसार |

१. **न्यूनतम शैक्षिक योग्यता** :-
   क. कार्यालय सहयोगीका लागि मान्यता प्राप्त संस्थाबाट अधारभूत तह उर्तिण गरेको।
   ख. सहायक लेखापालका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्रमा कक्षा १२ उर्तिण वा सो सरह गरी ६ महिनाको कम्यूटर सम्बन्धी तालिम प्राप्त गरेको।
   ग. सह प्रशिक्षक (नि.मा.तृ.) इलेक्ट्रीकल विषयमा Diploma in Electrical Engineering वा सो सरह।
   **नोट**: वैदेशिक प्रमाण पत्रको हकमा समकक्षता प्रमाण पत्र पेश गर्नुपर्ने।
२. **उमेर**: २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
३. **निवेदन दस्तुर**: तिन वटै पदका लागि रु १०००।- (अक्षरेपी रु एक हजार मात्र) यस विद्यालयको नाममा रहेको सिटिजन्स बैंकको खाता नं. १०३०१०००००७१२०१ मा दाखिला गरी सक्कल भौचर निवेदन साथ विद्यालयमा पेश गर्नुपर्ने छ।
४. **निवेदन दिने** मिति २०८३/०१/२३ गते देखि २०८३/०२/०५ गते बेलुका ४:०० बजे सम्म।
५. **स्थान**: श्री धनुष जनता मा.वि. धनुषाधाम न.पा. ३ धनुषाधाम विद्यालयको समयमा।
६. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रमाण पत्रको प्रतिलिपीहरु, स्थायी अध्यापन अनमति पत्र NEC दर्ता प्रमाण पत्रको प्रतिलिपी।
७. **परीक्षाको किसिम** : लिखित, मौखिक र प्रयोगात्मक (शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम अनुसार)
८. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ।
९. **सर्म्पक नम्बर**: ९८६२०८२७८२, ९८०७६९७६६५,

प्रधानाध्यापक


# घरमै राहदानी पुऱ्याउन तयार छन् 'हल्कारा'

महेन्द्रनगर । दश दिनअघि जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र जिल्ला हुलाक कार्यालयबीच राहदानी वितरण गर्नेसम्बन्धी सम्झौता भए अनरुप सेवाग्राहीको घरमै राहदानी पुऱ्याउन 'हल्कारा' तयारी अवस्थामा छन् । हुलाक कार्यालयमा आएका चिठी, पत्रपत्रिका र पार्सल सम्बन्धित व्यक्तिको हातमा पुऱ्याउने श्रेणीविहीन कर्मचारीलाई 'हल्कारा' भनिन्छ।

जिल्ला हुलाक कार्यालयले हुलाक सेवालाई आधुनिकीकरण गरी 'सरकारी कुरियर सेवा' सञ्चालन गरिरहेका बेला प्रशासन कार्यालयसितको सम्झौतामा आगामी दिनमा घरदैलोमै राहदानी चाहने सेवाग्राहीका लागि सहजता दिन तयारी गरिसकेको छ। जिल्ला हुलाक कार्यालय प्रमुख सरोज पाण्डेयले प्रशासन कार्यालयसितको सम्झौतापछि घरमै राहदानी पुऱ्याउने कामको प्रक्रिया सुरु भइसकेको जानकारी दिनुभयो।




"प्रशासनमा राहदानी फारमसँगै घरमै राहदानी चाहने सेवाग्राहीले ठेगानासहितको छुट्टै फारम सो प्रयोजनका लागि फारम भर्न थालिसकेका छन्", प्रमुख पाण्डेयले भन्नुभयो, "अबको दुई सातापछि नयाँ राहदानी जिल्लामा पुग्नासाथ हुलाक कर्मचारी जिल्लाभर वितरण थाल्नेछन् ।" उहाँले त्यसका लागि कञ्चनपुरका नौ वटै पालिकाका हुलाकका कर्मचारी तयारी अवस्थामा रहेका जानकारी दिनुभयो।

"हुलाकका हुलाकी, पत्र वितरक, डाक बाहक, हुलाकी प्रतिनिधि र हल्कारालगायत पदमा जिल्लाभर ५४ जना कर्मचारी छन्", उहाँले भन्नुभयो, "प्राप्त भएको राहदानी सेवाग्राहीको घरसम्मै पुऱ्याउने काम हल्कारा (श्रेणीविहीन कर्मचारी)ले गर्नेछन्।"

दुई गाउँपालिका र सात नगरपालिका रहेको कञ्चनपुरमा सबै पालिकामा हुलाका कार्यालय मार्फत सेवा प्रदान भइरहेको छ । "यहाँको कान्छो हुलाक कार्यालय लालझाडीमा स्थापना पछिल्लो समय भयो", उहाँले भन्नुभयो, "अब सेवाग्राहीले राहदानी लिन कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास छ।"रासस

# वित्तीय पारदर्शितामा सुधारः आइबीपी प्रतिवेदन


काठमाण्डु। नेपालले वित्तीय पारदर्शिताको क्षेत्रमा क्रमिक सुधार गरेको छ। इन्टरनेसनल बजेट पार्टनरसिप (आइबीपी) द्वारा बिहीबार प्रकाशित खुला बजेट सर्वेक्षण-२०२५ मा नेपालले ५२ अङ्क प्राप्त गरेको छ। आइबीपीका अनुसार नेपालले सन् २०२३ को तुलनामा सुधार गरेको हो।

"सरकारले बजेटमार्फत लिने कर, सेवा, ऋणसम्बन्धी नीतिले हरेक व्यक्तिको जीवनमा प्रत्यक्ष प्रभाव पार्छ, सार्वजनिक रकम जनहितमा खर्च भएको सुनिश्चित गर्न अर्थपूर्ण सार्वजनिक सहभागिता अपरिहार्य हुने कुरामा प्रतिवेदनले जोड दिएको छ", प्रतिवेदनमा भनिएको छ। सर्वेक्षण प्रतिवेदनले बजेट खुलासा, बजेट चक्रमा सार्वजनिक सहभागिताको अवसर, र प्रभावकारी सन्तुलन तथा नियन्त्रणका सम्बन्धमा नेपालको वर्तमान अभ्यासको संक्षिप्त चित्र प्रस्तुत गरेको छ।

नेपालको बजेट प्रक्रियामा नागरिकको सार्वजनिक सहभागिता भने न्यून (२८ अङ्क) रहेको देखाइएको छ। महालेखा परीक्षकको कार्यालयले नागरिक सहभागिताका लागि पर्याप्त अवसर (६७ अङ्क) प्रदान गरे पनि कार्यपालिका र संसदीय क्षेत्रमा भने निकै पछाडि देखिएको छ।

अनुसन्धानकर्ता तारानाथ दाहालले भन्नुभयो, "सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूको आधारमा गरिएका विभिन्न सुझावहरू समग्रमा वित्तीय क्षेत्रको सुधारका लागि अति नै सान्दर्भिक र महत्त्वपूर्ण छन्। यिनको कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको ध्यान जानुपर्छ।"

सार्वजनिक सहभागिता सुधारका लागि परामर्श र नागरिक सुझावको प्रभावकारी सम्बोधन हुनुपर्ने सर्वेक्षणको ठहर छ। प्रतिवेदनका अनुसार, समावेशिता र सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता सम्बन्धी राष्ट्रिय रणनीतिको मर्म अनुरूप तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको सफल कार्यान्वयनमा नै संसदीय जवाफदेहिता र सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नेछ। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सरकारलाई केही समय काम गर्न देउ

नेपालमा पछिल्लो पटक भएको प्रतिनिधि सभाको चुनावमा झण्डै दुई तिहाई बहुमत नजिक रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह(बालेन) नेतृत्वको सरकारलाई केही समय काम गर्न दिनु पर्छ ।सरकारले नयाँ सौंच र नयाँ जोशका साथ काम थालेको छ ।सरकारले एकै पटक थुप्रै कामलाई अगाडि बढाएको छ ।त्यस क्रममा केही काम आलोचित भइरहेको छ ।त्यो अस्वाभाविक होइन् ।तर परिणाम नआइकनै कुनै कार्यको विषयमा समग्र म्रूल्यांकन गर्न ठिक होइन् ।सरकारले थालेको कामको परिणामको केही समय प्रतीक्षा गर्नु आवश्यक छ ।सरकारले गरेको कार्य गलत परिणाम तर्फ गए त्यसको आलोचना हुनुपर्छ ।सरकारको विरोध पनि हुनुपर्छ ।तर सरकारले सुरु गरेको कार्यको पहिले नै आलोचना गर्नु लोकतान्त्रिक पद्धति अनुकूल पनि होइन् ।हालसम्म नेपालमा सय दिन सरकारको हनिमुन पिरियड मानिने गरिएको छ ।बालेन सरकारको एक महिना भन्दा केही दिन मात्र बढी भएको छ ।सरकारले थालेको कतिपय कार्यको सकारात्मक परिणाम देखिएको छ ।सुकुम्बासी, सञ्चार, संवैधानिक परिषद जस्ता केही कार्यहरु आलोचित बनेको छ ।तर त्यसलाई पनि आम नागरिकले सडकमा गएर विरोध जनाउने अवस्थामा आएको छैन् ।बौद्धिक समुदाय र पेशागत समूहले बिरोध गरे पनि आमनागरिकमा विगतको सरकार भन्दा प्रभावकारी बालेन सरकार रहेको छाप परेको छ ।विगतको सरकारमा रहेका नेताहरुले आमनागरिकको हितलाई ध्यान दिएन् ।वर्तमान सरकार पनि अहिले आफू बलियो हुने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।जनतालाई परेको समस्या महँगी लगायतलाई सरकारले ध्यान दिएको छैन् ।आमनागरिकलाई राहत पुग्ने कुनै काम सरकारले थालेको छैन् ।हाल सरकारले ल्याएको अध्यादेशमा जनहितको विषय समावेश छैन् ।सरकारी जग्गाहरुको खोजी र अतिक्रमण मुक्त गराउनु अत्यन्त सकारात्मक कार्य हो ।तर त्यो भन्दा पनि ठूलो कार्य महँगी नियन्त्रण, विद्यालय भर्ना, उपचारमा सहुलियत लगायतको विषय हो ।सरकारले त्यसतर्फ ध्यान दिएको छैन् ।तैपनि सरकारलाई अहिले काम गर्न कुनै प्रकारले अवरोध गर्न हुँदैन् ।सरकारले राजनीतिक संघसंगठन रहित प्रणालीको विकास गर्न चाहेको छ ।त्यो पनि अहितकर होइन् ।शिक्षण संस्था, सरकारी निकाय, संघसंस्थाहरुलाई राजनीतिक दलको पहुँचभन्दा अलग राख्न चाहनु पनि अनुपयुक्त होइन् ।तर सबै प्रक्रिया लोकतन्त्रलाई कमजोर बनाउन गरिएको विपक्षी दलहरु र बौद्धिक क्षेत्रको चिन्तापनि अस्वभाविक होइन् ।विपक्षी दल, बुद्धिजीवी समाजले सरकारलाई सचेत गराइरहनु पर्छ ।सरकारलाई सचेत गराइरहनु र सरकारको कामकारवाहीमा अवरोध गर्नु फरक विषय हो ।केही समय सरकारलाई काम गर्न दिएपछि मात्र जनस्तरबाट त्यसको मूल्यांकन हुनेछ ।

# विश्वकप क्रिकेटका लागि नेपालको सशक्त दाबेदारी

राजु सिलवाल

नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिमले 'टि ट्वाण्टी' विश्वकपमा सहभागी भए लगत्तै अर्को विश्वकपमा छनोटका लागि दाबेदारी प्रस्तुत गर्ने क्रम जारी राखेको छ ।

सन् २०२७ मा दक्षिण अफ्रिका, जिम्बाबे तथा नामेबियाको संयुक्त आयोजनामा आइसिसी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको १४औं संस्करण आयोजना हुँदैछ । सोही प्रतियोगितामा प्रवेशका लागि काठमाडौँमा भएको छनोट प्रतिस्पर्धामा नेपालले खेलका कूल चार खेलमध्ये तीन खेलमा विजय हासिल गर्दै विश्वकप सहभागिताको सम्भावनाको ढोका खोल्ने प्रयास गरेको हो । उक्त विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक शृङ्खलामा नेपालले हासिल गरेको नतिजालाई उत्साहजनक मानिएको छ ।

नेपाल, ओमान र संयुक्त अरब इमिरेटस (युएई) बीच भएको ५० ओभरको ओडिआई फर्म्याटको उक्त श्रृङ्खलामा नेपालले युएईलाई दुवै खेलमा हराएको थियो । त्यस्तै पहिलो खेलको पराजयको बदला लिँदै ओमानलाई विश्वकप लिग २ को १०३औं खेलमा ८१ रनको विशाल अन्तरले पराजित गर्दै नेपालले श्रृङ्खलाको प्रतिस्पर्धा टुङ्ग्याएको थियो । सन्तुलित प्रदर्शन नै नेपालको विजयको मुख्य कारण बन्न पुग्यो । नेपालको ब्याटिङको तुलनामा कसिलो बलिङ उल्लेखनीय थियो । त्यस्तै नेपाली टिमको फिल्डिङ पक्ष पनि प्रशंसायोग्य थियो । नेपाल टिमको मङ्गलबारको विजयमा आशिफ शेखको ९४ रन तथा गुलसन झाको ५ विकेटको महत्वपूर्ण योगदान रहेको थियो । यसअघि काठमाडौँमै भएको अभ्यास खेलमा पनि 'नेपाल ए' टिमले ओमानको राष्ट्रिय टोलीलाई एक सय १५ रनले हराएर मनोबल उच्च बनाएको थियो ।

विश्वकप लिग-२ मा सहभागी रहेका आठ टोलीमध्ये शीर्ष स्थानमा पुग्ने चार टोली विश्वकपमा छनोट हुने व्यवस्था रहेको छ । त्यसपछि परेका अन्य चार टिमले भने विश्वकप छनोटका लागि 'प्ले-अफ' प्रतियोगिता खेल्नु पर्नेछ । नेपालले विश्वकप छनोटका लागि हालसम्म खेलेका २४ खेलमध्ये आठ वटामा जितेर समूहको अङ्क तालिकामा सातौं स्थानमा रहेको छ । नेपालले १४ वटा खेलमा पराजय भोगिसकेको छ ।

नेपालको हालसम्म कूल अङ्क १८ रहेको छ । आठ मुलुकका टिमको उक्त समूहमा अमेरिका ३६ अङ्कसहित शिर्ष स्थानमा रहेको छ । त्यसपछि स्कटल्याण्ड ३४, ओमान ३१ र नेदरल्याण्डस् २६ अङ्कसहित शिर्ष चारमा रहेका छन् । नेपालले अङ्क तालिकामा तेस्रो स्थानमा रहेको टिम ओमानलाई पराजित गर्नु महत्वपूर्ण उपलब्धि मानिएको छ । नेपालले विश्वकप छनोटकै सिलसिलामा फेरि आफ्नै गृह मैदानमा दाबेदार रहेका अन्य दुई टिमसँग खेल्ने अवसर पाउने भएको छ । नेपाल यही वैशाख २९ गते र जेठ ४ गते काठमाडौँमा स्कटल्याण्डसँग प्रतिस्पर्धा गर्दैछ भने जेठ २ गते र ८ गते अमेरिकासँग खेल्ने कार्यक्रम रहेको छ । ती प्रतिस्पर्धा यसपटक सम्पन्न खेलहरूभन्दा केही कठिन हुने आँकलन गरिएको छ ।

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ एक दिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) प्रतियोगिता हो, जसलाई आगामी सन् २०२७ मा आयोजना हुने विश्वकप क्रिकेट प्रतियोगितामा छनोटको दोस्रो तहको आधार मानिएको छ । उक्त प्रतियोगितामा इण्टरनेशनल क्रिकेट काउन्सिलका आठ एशोशिएट राष्ट्रका टिमहरूले विश्वकप छनोटका लागि प्रतिस्पर्धा गर्दैछन्, जसमा ती टिमले २४ त्रिदेशीय श्रृङ्खला खेलिरहेका छन् । यसअन्तर्गत प्रत्येक टोलीले ३६ वटा एक दिवसीय खेल खेल्नु पर्नेछ । सन् २०२६ भरि नै यी खेल हुने कार्यक्रम रहेकोले हाल सातौं स्थानमा रहेको नेपाल माथिल्लो स्थानमा उक्लन सक्ने सम्भावना अझै रहेको छ ।

**दीपेन्द्रको दुःखेसो**

विगत केही समयदेखि नेपाली क्रिकेट टिमका खेलहरू मुलुकभित्र वा मुलुक बाहिर भएको बखत पनि नेपाली दर्शकहरूको उपस्थिति उल्लेखनीय रुपमा हुँदै आइरहेको छ तर यसपालि कीर्तिपुरमा खेल हेर्न नेपाली दर्शकहरू उपस्थिति कमि भएकामा नेपाली टिमका उपकप्तान दिपेन्द्रसिंह ऐरीले गुनासो नै व्यक्त गरेका थिए । उपकप्तान ऐरीले विगत जस्तै यसपटक पनि सशक्त खेल प्रदर्शन गरेका थिए । उनले युएई विरुद्ध लिएको शतक यसपालिको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । यसअघि अमेरिका, भारतलगायतका मुलुकमा नेपाली टिमको खेल हुँदा नेपाली दर्शकहरूको उपस्थिति अन्तर्राष्ट्रियस्तरमै चर्चित हुन पुगेको थियो । तर यसपासल फ्लड लाइटको प्रकाशमा सञ्चालन गरिएको खेलमा समेत दर्शकहरूको उपस्थितिमा कमि आएपछि उपकप्तान ऐरी खुसी देखिएनन् ।

नेपाली टिमका खेलाडीहरूले यसपाली खेल हेर्न बढी दर्शकहरू आउने अपेक्षा गरेका थिए । धेरै दर्शक रङ्गशाला आएमा खेलाडीहरूलाई हौसला मिल्ने उपकप्तान ऐरीको धारणा रहेको छ । नेपालको धेरैजसो प्रतिस्पर्धा युएई, ओमान जस्ता मुलुकहरूसँग भएकाले पनि यसपटक दर्शकहरू घटेको अनुमान गरिएको छ । यस्तै नेपाली खेलाडीहरूको प्रदर्शन अपेक्षा गरिए जस्तो नहुनु जस्ता कारणले पनि दर्शकहरूको उपस्थितिमा कमी आएको हो । हरेक क्रिकेट प्रतियोगिता काठमाडौँमै केन्द्रीत नरहेर उपत्यका बाहिरसमेत आयोजना गर्न सकिएमा दर्शक सङ्ख्या बढाउन सकिने सम्भावनालाई पनि नकार्न सकिदैंन ।



**सन्दिपको सफलता**

ओमान विरुद्धको अन्तिम खेलमा अन्तिम विकेट लिन सफल नेपाली लेगस्पिनर सन्दिप लामिछानेले यसपालि सबैजसो खेलमा विकेट लिएर आफ्नो खेल कौशल प्रदर्शन गरेका थिए । विश्वस्तरीय क्रिकेटमै आफ्नो पहिचान बनाउन सफल लामिछाने क्रिकेट खेलाडीहरूको विश्व बरियताक्रममा छलाङ मार्न समेत सफल भएका छन् । उनले 'टि ट्वाण्टी' अन्तर्राष्ट्रियमा २५औं स्थान तथा एकदिवसीय अन्तर्राष्ट्रियमा तीन स्थान सुधार गरेका छन् । उनी ' टि ट्वाण्टी' आईको बलिङ बरियतामा ५३औं स्थान उक्लिन सफल भएका छन् भने ओडिआई बरियतामा ५८औं स्थानमा पुगेका छन् । उनको नाममा अर्को नयाँ कीर्तिमान कायम हुनु मुलुककै क्रिकेट इतिहासमा थप उपलब्धि मान्न सकिन्छ । उनले विश्वकप लिग २ अन्तर्गत १०० विकेट लिएर पहिलो बलर बन्ने सौभाग्य प्राप्त गरेका छन् । उनले विश्वकप लिग २ मा सतक कटाउने पहिलो बलर बनेर इतिहास रचेका छन् । अन्तरराष्ट्रिय एक दिवसीय क्रिकेटमा कम खेलमै धेरै विकेट लिने नेपाली बलरहरूमा उनी अग्रणी खेलाडी हुन् । अन्तरराष्ट्रिय फ्रेन्चाइज क्रिकेटमार्फत नेपाललाई विश्व क्रिकेटमा चिनाउने लामिछाने इण्डियन प्रिमियर लिगमा खेल्ने पहिलो नेपाली खेलाडी हुन् । विभिन्न अन्तरराष्ट्रिय 'टि ट्वाण्टी' लिगहरूमा उनले व्यावसायिक खेलाडीका रुपमा खेलिसकेका छन् । यसपालीको प्रतियोगितामा लयमा देखिएका लामिछानेले नयाँ कीर्तिमान कायम गरेपछि सामाजिक सञ्जालमा सबै क्रिकेटप्रेमीहरूप्रति आभार प्रकट गर्दै आफू भविश्यमा नेपाल र नेपाली जनताहरूलाई गौरवान्वित बनाउन प्रयासरत रहने धारणा व्यक्त गरेका थिए ।

**पाका खेलाडीको पुनरागमन**

यसपाली नेपालका मुख्य प्रशिक्षक स्टुवार्ट ललले पुराना अनुभवी खेलाडीलाई समेत पुन टिममा भित्र्याएर राम्रो मूल्याङ्कन गरेका छन् । आवश्यकताअनुसार बेलाबेलामा खेलाडीहरूको फेरबदल गर्नाले टिमलाई मजबुत बनाउन सहयोग पुग्न जानेछ । नेपाली राष्ट्रिय टिममा सबैभन्दा पाका खेलाडी बनेर विनोद भण्डारीको पुनरागमन हुनु प्रशिक्षकको उचित मूल्याङ्कन मान्न सकिन्छ । खेलाडी भण्डारीको ३६ वर्षको उमेर नेपाली राष्ट्रिय टिममा पुनरागमन भएको हो । उनले नेपालको तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आफ्नो सहभागिता जनाइसकेका छन् । पछिल्लोपटक दुई वर्षअघि राष्ट्रिय टिमबाट खेलेका उनले घरेलु प्रतियोगिताहरूमा भने निरन्तरता दिइरहेका थिए ।

**अर्जुनको डेब्यु**

नेपाली टिममा लामो समयदेखि सिमित खेलाडीहरूको बर्चस्व भएको आरोप खेप्दै आइरहेको नेपाल क्रिकेट सङ्घ क्यानले आइसिसी विश्वकप लिग २ को सिलसिलामा भरपर्दा खेलाडीका रुपमा स्थापित हुनसक्ने सम्भावना भएका अर्जुन कुमाललाई डेब्यु गराएको छ । २० बर्षिय ब्याटसम्यान कुमाललाई युएई बिरुध्दको खेलमा कप्तान रोहित पौडेलले डेब्यु क्याप दिएर राष्ट्रिय टिममा स्वागत गरेका थिए । हालै पिएम कम क्रिकेट प्रतियोगितामा सर्वाधिक पाँच सय चार रन बनाएर उनले आफ्नो खेल क्षमता प्रदर्शन गरेका थिए । उनले यसअघि यु १९ राष्ट्रिय टिमबाट मुलुकको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिसकेका थिए । ओमान विरुद्धको खेलमा खेलाडी कुमारले दोस्रो विकेटका लागि आशिफ शेखसँग गरेको १२३ रनको साझेदारी महत्वपूर्ण रह्यो ।

**रङ्गशाला सुरक्षित**

कीर्तिपुरस्थित क्रिकेट रंगशाला नवीकरण होला कि नहोला भनेर क्रिकेटप्रेमीहरू अन्योलमा रहिरहेको बेला त्रिभुवन विश्वविद्यालयले क्यानलाई क्रिकेट रङ्गशालाको जग्गा ३५ दिनभित्र खाली गरिदिन पठाएको पत्रले झन चिन्ता थपेको थियो । तर अब खेलकुद मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएका नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले कीर्तिपुर क्रिकेट मैदान नभत्काइने जानकारी दिनु भएपछि अन्योल समाप्त भएको छ । त्रिभुवन विश्वविद्यालय र क्रिकेट क्यानबीच नयाँ सम्झौता गरिने भएको छ । गतवर्ष मात्र पुनःनिर्माण गरिएको कीर्तिपुर रङ्गशालामा करिब १० हजार दर्शक बस्नका लागि सिटको व्यवस्था गरिनुका साथै राति पनि खेल सञ्चालनका लागि पहिलोपटक फ्लड लाइट जडान गरिएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आइरहेका छन् ।

**महिला टिम पनि पछ्याउँदै**

नेपालमा पुरुष क्रिकेट टिमको व्यस्तता र सफलतालाई महिला टिमले पनि पछ्याइरहेका छन् । पछिल्लो पटक रुवाण्डामा सम्पन्न 'आइसिसी ओमन्स टि ट्वाण्टी' अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिम दोस्रो भएर आफ्नो सक्षमता प्रमाणित गरेको छ । अन्तिम खेलमा नेपालले इटलीलाई आठ विकेटको विशाल अन्तरले पराजित गरेको थियो । नेपालले यसअघि पनि इटलीलाई हराएको थियो । नेपाली महिला टिमको अर्को महत्वपूर्ण सफलता भनेको रुवाण्डालाई उनीहरूकै गृहमैदानमा दुई पटक हराउन सफल भएको थियो । प्रतियोगिताको उपाधि विजेता अमेरिकासँग नेपाल दुबै खेलमा हारेको थियो । नेपाल भानुआटुसँग एक खेलमा हारेको थियो भने एक खेलमा पराजित गर्न सफल भएको थियो ।

अन्त्यमा, विश्वकप लिग २ मा नेपाली टिमले हालसम्म हासिल गरेको नतिजा उत्साहप्रद नै भएता पनि सन्तोष मान्नुपर्ने अवस्था भैसकेको छैन । नेपालको अझै थुप्रै प्रतिस्पर्धा बाँकी छन् । आगामी विश्वकप जस्तो प्रतिष्ठित प्रतियोगितामा नेपालको प्रतिनिधित्व सुनिश्चित गराउन क्यानले विशेष योजनासहित अघि बढनुपर्ने देखिएको छ । नेपाली क्रिकेट खेलाडीहरूले लगातार घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै आएता पनि तत्काल विश्राम पाउने अवस्था रहेको छैन । यसरी क्रिकेट खेलाडीहरूको अनवरत मेहनत तथा व्यस्ततासँग मुलुकको प्रतिष्ठा पनि गासिएको छ । मुलुकको प्रतिनिधित्व गर्दै यी खेलाडीहरूले विभिन्न प्रतियोगितामा जितेका उपाधिहरूवापत सरकारले प्रतिबद्धता ब्यक्त गरे अनुसारको आर्थिक पुरस्कार समयमै उपलब्ध गराउन प्राथमिकता दिनु पर्दछ । नेपालबाट खेलाडीहरू वर्षेनी विदेशमा पलायन भइरहेको वर्तमान अवस्थामा सरकारले मुलुकमा खेलेर पनि बाँच्न सकिने अवस्था सुनिश्चित गर्ने यथोचित कार्यक्रम ल्याउन अब ढिलो गर्न नहुने महसुस गरिएको छ ।

नेपालमा अहिले विगतको तुलनामा क्रिकेटमा अहिले लगानी बढिरहेको छ । केन्द्रदेखि स्थानीय तहसम्म क्रिकेटमा गतिविधि बढदै गएकाले यस्तो वातावरण बन्दै गएको मान्न सकिन्छ । क्रिकेटप्रति बढ्दै गएको आकर्षणलाई अझ व्यवस्थित गर्न नेपाल क्रिकेट सङ्घलगायत विभिन्न तहका पदाधिकारीहरू लागिपर्नुपर्ने हुन्छ । नेपालमा यस वर्ष पनि थुप्रै विभिन्न घरेलु क्रिकेट प्रतियोगिता आयोजना हुँदैछ । यसैक्रममा नेपालमा व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा सफल मानिएको नेपाल प्रिमियर लिगको सिजन ३ को घोषणा छिटै गरिने भएको छ । व्यावसायिक क्रिकेटको विकासका लागि नै आगामी जेठ ९ गतेदेखि सुनसरीमा कोशी प्राइड लिग क्रिकेट प्रतियोगिता सुरु हुँदैछ । खेलाडीहरूको स्तर निर्धारण गरी पारिश्रमिक दिइने उक्त प्रतियोगिताको तेस्रो संस्करण निजी क्षेत्रको सक्रियतामा हुन लागेको हो । यसमा सहभागी प्रत्येक टिमले राष्ट्रिय टिमबाट तीन खेलाडीलाई खेलाउन पाउने नियम रहेको छ । नेपाल क्रिकेट सङ्घको यही वैशाख २७ र २८ गते विराटनगरमा आयोजना हुने वार्षिक साधारणसभाले सन् २०२६ को वार्षिक कार्ययोजना तथा बजेट पारित गर्दैछ । नेपालको क्रिकेटलाई समयोचित विकास गर्नका लागि स्कूलदेखि नै प्रशिक्षण सञ्चालन गर्नु जरुरी भइसकेको छ ।

# नेपालमा पाइने विषालु सर्प कुन-कुन हुन् ?



सुमित्रा लुइटेल

संसारभरि करिब ३ हजार ९०० भन्दा बढी प्रजातिका सर्पहरू छन् । तीमध्ये करिब ६०० प्रजाति विषालु छन्, जुन कुल सर्पको करिब १५ देखि २० प्रतिशत हो । तर यी विषालु सर्पहरूमध्ये पनि करिब २०० प्रजातिले मात्र मानिसलाई गम्भीर खतरा पुऱ्याउन सक्छन् । धेरैजसो सर्पहरू विषालु हुँदैनन् र मानिसलाई हानि गर्दैनन् ।

नेपालमा कुल करिब ८९ प्रजातिका सर्पहरू पाइन्छन् । तीमध्ये करिब १७ देखि २२ प्रजाति विषालु छन् ।

सर्प देख्नेबित्तिकै डराउने र आत्तिने अनि त्यसलाई मारिहाल्ने प्रवृत्ति अझै कायम छ । तर सर्पदंश न्यूनीकरण र सर्प संरक्षणमा निरन्तर काम गरिरहेका कमल देवकोटा भन्छन्, 'सर्पको आहार होइन मान्छे । यदि उसले खतरा महसुस गऱ्यो भने मान्छेलाई आक्रमण गर्छ ।'

नेपालमा पाइने मुख्य विषालु सर्पहरु कुन-कुन हुन् ? यिनीहरु कहाँ पाइन्छ ? सर्पको टोकाइबाट कसरी बच्ने ? सर्पदंश विज्ञ कमल देवकोटाको भनाइ यस्तो ।

**नेपालमा पाइने मुख्य विषालु सर्पहरू**

१. **गोमन** (**कोब्रा**)

सामान्य गोमन (चश्मा गोमन) : तराई क्षेत्रमा बढी पाइन्छ । लम्बाइ १.५ देखि २ मिटरसम्म हुन्छ । पछाडि चश्माजस्तो चिन्ह हुन्छ ।

चन्द्रनाग (एउटा गोलो थोप्लो भएको गोमन) : पहाडी क्षेत्रमा बढी भेटिन्छ । लम्बाइ १ देखि २ मिटर हुन्छ।

२. **करेत**

सामान्य करेत : तराईमा धेरै पाइन्छ । राति सक्रिय हुन्छ र घरभित्र पस्ने बानी हुन्छ । लम्बाइ १ देखि १.५ मिटर हुन्छ । शरीरमा कालो र सेतो ब्यान्ड भएको हुन्छ । नेपालमा ६ भन्दा बढी प्रकारका करेत पाइन्छन् ।

३. **भाइपर**

रसेल्स भाइपर (बाघे सर्प वा सुस्कार सर्प) : रुपमा तराईमा मुख्य पाइन्छ । यसको लम्बाइ १ देखि १.५ मिटरको हुन्छ । यसले स्वाँ-स्वाँ आवाज निकाल्छ ।

हरियो सर्प (हरियो पिट भाइपर) : पहाडी क्षेत्रमा बढी पाइन्छ। यसको रङ हरियो हुन्छ भने लम्बाइ ०.५ देखि १ मिटरको हुन्छ।

४. **राजगोमन** (**किङ कोब्रा**)

यो संसारकै सबैभन्दा लामो विषालु सर्प हो। लम्बाइ ३ देखि ५ मिटर वा बढी पनि हुन सक्छ । यसको मुख्य खानेकुरा अन्य सर्पहरू नै हुन् । नेपालको तराईदेखि पहाडी क्षेत्र काठमाडौं, पोखरा, रामेछाप आदि क्षेत्रमा पाइन्छ । घरभित्र पसेर टोकेर मृत्यु भएको घटना छैन । उद्धार गर्ने क्रममा एउटा घटना भएको थियो ।

**अन्य विषालु सर्पहरू**

हिमालयन करेत, हिमाली भाइपर आदि पहाडी र उच्च क्षेत्रमा पाइन्छन् ।

**सर्पको वासस्थान**

तराई : सामान्य गोमन, करेत, बाघे सर्प बढी

पहाड : चन्द्रनाग, हरियो सर्प, हिमालयन करेत बढी

राजगोमन दुवै ठाउँमा भेटिन्छ ।

सर्पहरू पहिलेदेखि नै तराई, पहाड र हिमाल तीनै ठाउँमा थिए । जलवायु परिवर्तनले मात्र माथि सरेको होइन, पहिले पनि थिए । अहिले सामाजिक सञ्जालमा प्रचार हुने र उद्धार कार्य बढेकाले बढी देखिएको जस्तो लागेको हो ।

**सर्पले मानिसलाई किन टोक्छ ?**

सर्पहरू आक्रमक हुँदैनन्, उनीहरू डराउँछन् र आफूलाई बचाउन टोक्छन् । जब मानिसले सर्पलाई कुल्चिन्छ, छुन खोज्छ वा उद्धार गर्दा उसलाई दुखाइन्छ भने तब मात्र टोक्छन् ।धेरैजसो सर्प मानिस देख्नेबित्तिकै भाग्न खोज्छन् । राजगोमन पनि सामान्यतया अर्को बाटो लाग्छ ।

**घरआगन वा खेतबारीमा सर्प देखिए के गर्ने ?**

घरआँगन वा खेतबारीमा सर्प देखिए मार्ने होइन । सर्प मार्नु गलत हो र पर्यावरणका लागि पनि हानिकारक छ । सर्पले मुसा, कीरा आदि खाएर हामीलाई फाइदा पुऱ्याउँछन् ।

त्यसैले सर्प देखिए शान्त रहनुपर्छ, तयसको नजिक जानु हुँदैन । स्थानीय सर्प उद्धार समूह, वन कार्यालय वा नगरपालिकालाई खबर गर्नुपर्छ । टाढाबाट हेरेर छोडिदिनुपर्छ । उनीहरू आफैं जान सक्छन् ।

**सर्पको टोकाइबाट बच्ने मुख्य उपायहरू**

**सर्पको सम्भावित वासस्थानमा सावधानी अपनाउने**

सर्पहरू प्राय झाडी, घाँस, ढुंगाको काप, काठको थुप्रो र जमिन तथा भित्ताका प्वालहरूमा लुक्छन् । यस्ता ठाउँमा जाँदा सावधानी अपनाउनुपर्छ । विशेष गरी गर्मी मौसम र वर्षायाममा सर्पको सक्रियता बढ्ने भएकाले यो बेला बढी सतर्कता अपनाउनुपर्छ ।

**उचित पोसाक लगाउने**

जंगल, खेतबारी वा सर्पको जोखिम भएको ठाउँमा जाँदा लामो बुट, मोटो मोजा, र लामो प्यान्ट लगाउनुपर्छ । खुल्ला खुट्टा हिँड्नु हुँदैन । तराई मधेशतिर भुइँतला, दलान वा आँगनमा राखिएका जुत्ता वा बुटभित्र सर्प लुकेर बसेको हुनसक्छ । त्यसैले जुत्ता, बुट निकालेर लाउनु अगाडि ध्यान पुऱ्याउनुपर्छ ।

**हातखुट्टा जोगाउने**

झाडी वा अँध्यारो ठाउँमा हातखुट्टा राख्नुअघि राम्ररी जाँच्ने । ढुंगा वा काठ उल्ट्याउँदा सावधानी अपनाउनुपर्छ, किनभने त्यहाँ सर्प लुकेको हुनसक्छ।

**रातको समयमा सावधानी अपनाउने**

केही सर्पहरू रातको समयमा बढी सक्रिय हुन्छन् । राति हिँड्दा टर्च लाइटको प्रयोग गर्ने र आफ्नो वरपर ध्यान दिने ।

**घर वरपर सफा राख्ने**

घर वरपर झाडी, काठको थुप्रो, र फोहोर नराख्ने । जमिनका प्वालहरू भए पुर्ने । सर्पको आश्रय हुने ठाउँहरू हटाउने । घरको झ्याल ढोकामा जाली राख्ने ।

**सर्पलाई नछुने वा नजिस्काउने**

सर्प देखेमा टाढैबाट बाटो फेर्ने । सर्पलाई जिस्काउने, मार्ने वा समात्ने प्रयास नगर्ने । सर्प मरेको जस्तो देखिए पनि वास्तवमा मरेको नहुनसक्छ । त्यस्तो अवस्थामा नचलाउने ।

**सुत्ने ठाउँको व्यवस्थापन गर्ने**

भुइँमा सुत्नुपरेमा झुलको प्रयोग गर्ने । सकेसम्म पलङ वा खाटमा मात्रै सुत्ने । सुत्नु अघि सुत्ने ठाउँ वरपर सर्प छ कि छैन राम्रोसँग हेर्ने । विशेषगरी यस खालका सावधानी तराई तथा गर्मी ठाउँमा बढी आवश्यक हुन्छ । घर वरिपरि जंगल, झाडी भएका ठाउँमा बढी सावधानी अपनाउनुपर्छ । सर्पको पहिचान र जानकारी राख्ने

आफ्नो क्षेत्रमा पाइने सर्पहरूको बारेमा जानकारी राख्ने । विषालु र अविषालु सर्पहरूको भिन्नताबारे आधारभूत ज्ञान राखिराख्नुपर्छ ।

**खेतबारीमा काम गर्दा सावधानी अपनाउने**

खेतमा काम गर्दा हातले घाँस वा बाली नभाँच्ने, बरु लाठी वा औजारको प्रयोग गर्ने । खेत बारीको झाडीमा सर्प लुकेको हुनसक्छ । पोखरी, तलाउ, खोला, नदीनालामा विषालु सर्प पनि हुन सक्छन् । यस्ता स्थानमा पौडी खेल्दा, खोला तर्दा सावधानी अपनाउने ।

**सर्पले डसेमा के गर्ने ?**

- सर्पले डसेमा सर्वप्रथम कति पनि आत्तिनु हुँदैन र सर्पले डसेको बिरामीलाई आत्मबलसहित सान्त्वना प्रदान गर्नु पर्दछ ।
- सकभर सर्पलाई नमार्ने । मोबाइल छ भने सर्पको फोटो खिचेर राख्ने, जसले गर्दा उपचार प्रक्रियामा धेरै नै मद्दत पुग्छ ।
- सकभर सर्पले डसेको भागलाई नचलाइकन हल्का तरिकाले ब्यान्डेज अथवा उपलब्ध कपडा वा डोरीले बाँधेर चल्न दिनुहुँदैन । जति चलायो त्यति नै विष शरीरमा फैलिन्छ ।
- सर्पले डसिहालेमा जति सकिन्छ छिटो उपलब्ध यातायातको साधन मोटरसाइकल, अटोरिक्सा वा एम्बुलेन्सबाट बिरामीलाई नजिकैको सर्पदंश उपचार केन्द्रमा पुऱ्याइहाल्नु पर्दछ ।
- सर्पले डसेको ठाउँमा थप संक्रमण नहोस् भन्नका लागि साबुन पानीले धुन पनि सकिन्छ ।
- सर्पदंश केन्द्र टाढा छ भने सर्पदंश केन्द्र पुग्नुपूर्व थप क्षति नहोस् भन्नका लागि बिरामीलाई श्वास फेर्न सहज होस् भनी आवश्यकता अनुसार नजिकैको अस्पतालमा लगि तालिम प्राप्त स्वास्थकर्मीद्वारा श्वास नलीलाई सुरक्षित गर्न इन्टुबेट समेत गर्न सकिन्छ ।
- सर्पले डसेको लक्षण देखिएमा सँगै सुतेको वा सँगै रहेको व्यक्तिलाई पनि सर्पदंश केन्द्रमा लैजानुपर्छ किनकी कहिलेकाहीँ सर्पले दुवै व्यक्तिलाई डसेको हुन सक्छ ।
- सर्पले डसेमा शरीरमा कसिलो कपडा वा गरगहनाहरू खोल्नुपर्दछ र खुकुलो बनाउनुपर्छ ।
- एम्बुलेन्स, प्रहरी, सर्प उद्धारकर्ताको नम्बर राख्ने र सर्पले डसेमा तुरुन्तै जानकारी गराउने ।
- सकभर सर्पदंश केन्द्रमा पुग्ने बेलासम्म उपलब्ध भएसम्म बाटोमा स्वास्थकर्मीलाई पनि बिरामीसँगै लैजाने ।

**के नगर्ने ?**

- सर्पले डसेमा डोरीले हातखुट्टा कसिलो गरी नबाँध्ने, उपचारको नाममा झारपात नहाल्ने, छालालाई काट्ने, मुखले चुस्ने जस्ता काम गर्नुहुँदैन ।
- धामीझाँक्रीकोमा लैजाने, झारफुक गर्ने जस्ता काममा लागेर समय खेल फाल्नुहुँदैन ।
- बिरामीलाई तत्काल केही पनि खाने कुराहरू खुवाउनु हुँदैन र सुत्न पनि दिनुहुँदैन ।
- कहिलेकाहीँ अविषालु सर्प देखिएर पहिचान भए ता पनि यो विषालु सर्प पनि हुन सक्ने भएकाले घरमा बस्ने वा उपचारमा नजाने गर्नुहुँदैन ।
- प्राथमिक उपचारका नाममा समय नष्ट गर्न हुँदैन किनकि सर्पदंशका लागि एन्टिभेनम बाहेकको अरू कुनै उपचारको विकल्प हुँदैन ।
- सर्पले डसिहालेमा धेरै हलचल गर्ने, आत्तिने र अनावश्यक कुराहरू सोच्नु हुँदैन । यसो गरेमा शरीरमा विष अझ बढी फैलने गर्दछ ।

# जिम्मेवार प्रेसले लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउँछः राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले जिम्मेवार प्रेसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउने बताउनुभएको छ । विभिन्न समयमा भएका जनआन्दोलन तथा सङ्घर्षमा नेपाली जनताले प्रकट गरेको सुशासन, विकास, प्रगति र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझै प्रभावकारी ढङ्गले काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभएको छ ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा बिहीबार यहाँ आयोजित पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायत हरेक परिवर्तनमा नेपाली पत्रकारिता जगतले खेलेको भूमिका उल्लेखनीय रहँदै आएको स्मरण गर्नुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो । संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय तथा स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो । सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्नु जिम्मेवार प्रेसको धर्म हो । यसतर्फ नेपाली प्रेस सदैव सजग र चनाखो हुने नै छ भन्ने मैले विश्वास लिएको छु ।"

राष्ट्रपति पौडेलले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको एउटा सशक्त तथा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त हो भने स्वतन्त्र र निष्पक्ष पत्रकारिताबिना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पार्नुभयो ।

समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार सङ्कलन तथा सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चिततातर्फ हामी सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो । उहाँले श्रमजीवी पत्रकारको हकहित र सञ्चार गृहको आर्थिक दिगोपनका लागि सरकार र निजी क्षेत्र दुवैले समन्वय गर्न जरुरी रहेको बताउनुभयो ।

सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहीन तथा मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराको सामना गर्नु वर्तमान आमसञ्चारमाध्यमसामु थपिएको चुनौती रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यो चुनौतीको सामना गर्न नेपाली प्रेस सक्षम हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकारिता सम्मान र राष्ट्रिय पत्रकारिता पुरस्कार पत्रकारले दशकौँदेखि कलमका माध्यमबाट समाजलाई देखाउनुभएको बाटो तथा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप राज्यको सम्मान भएको बताउँदै पुरस्कृत सबैलाई बधाई दिनुभयो । उहाँले पुरस्कृत पत्रकारको साधनाले नयाँ पुस्ताका पत्रकारलाई व्यावसायिक निष्ठा र सत्यको मार्गमा लागिरहन सधैँ उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रपति पौडेलले 'वरिष्ठ पत्रकार' सम्मानबाट चन्द्रकिशोर झा र नम्रता शर्मालाई सम्मान गर्नुभयो भने भोला पासवान, उमेश श्रेष्ठ र रुपा गहतराजलाई 'राष्ट्रिय पत्रकारिता' पुरस्कार प्रदान गर्नुभयो । रासस

# सुशासन सुधारका कदमले आशा जगाएको छः प्रशासनविज्ञहरु

काठमाण्डु । पूर्वप्रशासक तथा सार्वजनिक प्रशासनका विज्ञहरूले सरकारले अघि बढाएको प्रशासनिक सुधार र सुशासनसम्बन्धी कदमको स्वागत गरेका छन् । दशकौँदेखि थाती रहेका सुधारका विषयलाई वर्तमान सरकारले कार्यान्वयनतर्फ लगेको भन्दै त्यसप्रति सकारात्मक प्रतिक्रिया जनाएका छन् ।



पूर्वमुख्यसचिव विमल कोइरालाले सरकारको प्रशासनिक सुधारसम्बन्धी कदमले प्रशासनप्रतिको जनविश्वास बढाएको भन्दै यसलाई राम्रो सुरुवातको संज्ञा दिनुहुन्छ । अहिले भइरहेका सुधारले नागरिकको सेवा प्रवाह क्षेत्रमा आशा जगाउनुका साथै प्रशासनप्रतिको विश्वाससमेत बढाउँदै लगेको उहाँको धारणा छ ।

उहाँकाअनुसार सवारीचालक अनुमतिपत्र, नागरिकता तथा राहदानी वितरणमा ल्याइएका सुधारले सेवा प्रवाहलाई प्रभावकारी बनाउने सङ्केत देखिएको छ । "यसले पारदर्शी निर्णय निर्माणमार्फत सरकारलाई थप जवाफदेही बनाउनेछ", उहाँ भन्नुहुन्छ, "सुशासनमा पनि यसको सकारात्मक प्रभाव पर्छ ।"

प्रशासनविज्ञ कोइराला मन्त्रालयको स्᳴या २२ बाट १७ मा सीमित गर्ने सरकारको तयारीलाई उचित कदम ठान्नुहुन्छ । सङ्घीय सरकार नीति निर्माण, गुणस्तर निर्धारण तथा मौद्रिक नीतिमा केन्द्रित हुनुपर्ने सुझाव दिँदै उहाँ सङ्घीय संरचना छरिता हुनुपर्नेमा जोड दिनुहुन्छ ।

"प्रदेश र स्थानीय तहलाई अधिकार हस्तान्तरण गर्दै सङ्घीय सरकारलाई सानो र प्रभावकारी बनाउने अभ्यास विश्वका अन्य देशका सङ्घीय संरचनामा देखिन्छ", उहाँ भन्नुहुन्छ, "नेपालले त्यही अभ्यासतर्फ अघि बढ्न खोजेकोमा मलाई खुसी लागेको छ ।"

सुशासन केवल निजामती प्रशासन सुधारमा सीमित नहुने, यसको कार्यक्षेत्र व्यापक रहेको उल्लेख गर्दै उहाँ प्रशासनिक संरचनामा सुधारले कर्मचारी व्यवस्थापन, पारदर्शिता र उत्तरदायित्वमा सकारात्मक प्रभाव पार्ने बताउनुहुन्छ ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनाली सरकारले प्रशासनिक सुधार र सुशासनमा काम गर्न खोजेको स्पष्ट देखिएको बताउनुहुन्छ । उहाँ प्रशासनलाई ' शक ट्रिटमेन्ट' शैलीमा चुस्त बनाउने प्रयास भइरहेको टिप्पणी गर्दै सेवा प्रवाह सुधारमा सरकार केन्द्रित देखिने बताउनुहुन्छ ।

पूर्वसचिव मैनालीकाअनुसार राजनीतिक रूपमा प्रभावित संस्था तथा संरचनालाई राजनीतिकरणमुक्त बनाउने प्रयास सकारात्मक छ । विभिन्न युनियन खारेज गर्ने, राजनीतिक नियुक्ति भएका पदहरू अध्यादेशमार्फत हटाउने तथा निजामती सेवामा दलनिकट सङ्गठनहरूको प्रभाव घटाउने प्रयासलाई प्रशासन सुधारको महत्वपूर्ण कदम हुन् ।

शैक्षिक संस्थालाई राजनीतिक प्रभावबाट मुक्त गराउने योजना देखिएको भन्दै उहाँ कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप घटाउनु आवश्यक भएको बताउनुहुन्छ । विद्यार्थी सङ्गठनसम्बन्धी केही विषयमा उहाँको विमति पनि छ ।

मन्त्रालय घटाउने सरकारको तयारीलाई उहाँ संरचनागत सुधारको रूपमा व्याख्या गर्नुहुन्छ । विगतमा राजनीतिक भागबण्डा र गठबन्धन व्यवस्थापनका कारण मन्त्रालय अनावश्यक रूपमा बढाइएको उल्लेख गर्दै सरकारको तयारीको उहाँले सराहना गर्नुभयो ।

"अमेरिकामा १२ वटा मन्त्रालय छन्, जापानमा ११ वटाले काम चलिरहेको छ भने नेपालमा २२-२५ मन्त्रालय आवश्यक छैनन," उहाँ भन्नुहुन्छ, "थोरै तर कार्यात्मक मन्त्रालय हुनुपर्छ ।"

दीर्घकालीन रूपमा मन्त्रालयहरू ' फङ्सनल' बन्नुपर्ने बताउँदै सङ्घीय सरकार नीति निर्माण र सङ्घीय सूचीमा रहेका काममा मात्रै केन्द्रित हुनुपर्ने उहाँको धारणा छ । प्रशासनलाई 'डेलिभरी विङ'का रूपमा व्याख्या गर्दै कर्मचारीतन्त्र चुस्त, उत्प्रेरित र जिम्मेवार नभएसम्म कुनै पनि सरकार सफल हुन नसक्ने उहाँको तर्क छ ।

"कर्मचारीको मनोबल उठाउनुपर्छ," प्रशासन विज्ञ मैनाली भन्नुहुन्छ, "राम्रो काम गर्ने पुरस्कृत र खराब काम गर्ने दण्डित हुने स्पष्ट प्रणाली आवश्यक छ ।"

कर्मचारीलाई उत्प्रेरित गर्न आन्तरिक र बाह्य दुवै प्रकारका व्यवस्थापन सुधार आवश्यक रहेको उहाँको धारणा छ । राम्रो कार्य वातावरण, कार्यसम्पादनमा आधारित बढुवा तथा जनताप्रति उत्तरदायी प्रशासनिक संस्कृति निर्माण गर्न सके सरकार सफल हुने उहाँको विश्वास छ ।

परराष्ट्रविद् जयराज आचार्य वर्तमान सरकारप्रति कृतज्ञता व्यक्त गर्दै मन्त्रालय घटाउने र सार्वजनिक तथा शैक्षिक संस्थालाई राजनीतिबाट मुक्त बनाउने प्रयासको मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ । प्राध्यापक आचार्य आफूले झण्डै तीन दशकदेखि उठाउँदै आएको विषय अहिले कार्यान्वयनमा गएकामा हर्ष प्रकट गर्नुहुन्छ ।

"मैले २०५३ सालदेखि विद्यार्थी सङ्गठन खारेज हुनुपर्छ र २०५५ सालदेखि मन्त्रालय घटाउनुपर्छ भन्दै आएको थिएँ," उहाँ भन्नुहुन्छ, "वर्षौंपछि यी 'एजेन्डा' कार्यान्वयनतर्फ अघि बढेका छन् । प्रधानमन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।" रासस

# लिपुलेकमा देखिएको समस्या समाधानका लागि कूटनीतिक प्रयास गर्न सांसदहरुको आग्रह

काठमाण्डु । संसदीय समितिमा वार्ता र संवादका माध्यमबाट नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरा फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने विषय उठेको छ ।



प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकमा भाग लिने सदस्यहरुले लिपुलेकबारे भारत तथा चीन सरकारलाई नेपाल सरकारका तर्फबाट हालै पठाइएको 'कूटनीतिक नोट'लाई सकारात्मक कदमकारुपमा लिइएको धारणा राख्नुभयो । समितिका सदस्य प्रमेशकुमार हमालले वर्तमान सरकार कालापानी क्षेत्रको अतिक्रमित भूमि फिर्ता ल्याउनेतर्फ परिणाममुखी कूटनीतिक प्रयास गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

अर्का सदस्य भूमिका लिम्बू सुब्बाले भारत र चीन दुवै छिमेकीसँगको सम्बन्धलाई सन्तुलित तुल्याउँदै अतिक्रमणमा परेको नेपाली भूमि फिर्ता ल्याउन संसदीय समितिको पहल आवश्यक रहेको बताउनुभयो । उहाँले ऐतिहासिक तथ्य र प्रमाणका आधारमा उक्त भूमि नेपालकै भएको स्पष्ट छ भन्दै कालापानी, लिपुलेक र लिम्पियाधुराबारे छिमेकीबाट आएको प्रतिक्रिया नेपाललाई मान्य नहुने धारणा राख्नुभयो ।

परराष्ट्र मन्त्रालयले नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत तथा चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनःअवगत गराइसकेको छ ।

यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ । लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेका विषयमा चीनलाई आधिकारिक रूपमा जानकारी गराई सकिएको बेहोरा परराष्ट्र मन्त्रालयले स्पष्ट पारिसकेको छ ।

समितिका सदस्य श्रीधर पोखरेलले नेपालको भूमि फिर्ता ल्याउन उच्चस्तरीय संयन्त्र गठन गरी प्रभावकारी कूटनीतिक प्रयास गर्न आग्रह गर्नुभयो । सांसद शिवशङ्कर यादवलेराष्ट्रियहितलाईप्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो । सांसद अम्बिकादेवी संग्रौलाले छिमेकीसँगको सम्बन्ध सुमधुर तुल्याउँदै व्यापार, पारवहन र सीमालाई सुव्यस्थित गर्न सुझाव दिनुभयो ।

सांसद बिना गुरुङले पर्यटकीय नगरी पोखरालाई अझ सुन्दर र व्यवस्थित तुल्याउन सडक किनाराका पर्खालमा रङ्गरोगन र 'जेब्राक्रसिङ'को व्यवस्था गर्न सङ्घीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो । समितिका सभापति सुम्निमा उदासले समितिको कार्यक्षेत्र र आगामी कार्यदिशाबारे बैठकमा जानकारी गराउनुभयो । बैठकमा समितिको आन्तरिक कार्यविधिको मस्यौदा अध्ययनका लागि सदस्यहरुलाई वितरण गरिएको थियो ।

बैठकपछि समितिका सचिव निर्मलादेवी लामिछानेले समितिको परिचय, मुख्य कार्यक्षेत्र, समितिको प्रभावकारिता अभिवृद्धि र चुनौती विषयमा प्रस्तुतीकरण दिनुभयो । उहाँले विधेयकबारे दफाबार छलफल र प्रतिवेदन तयारी, मातहतका निकायका नीति, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापनको मूल्याङ्कन तथा निर्देशन, समितिका निर्देशन कार्यान्वयनको अवस्था र सार्वजनिक सम्पत्तिको रेखदेख तथा मूल्याङ्कनलगायत समितिको कार्यक्षेत्र रहेको स्पष्ट पार्नुभयो । समिति मातहत परराष्ट्र र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेका छन् । रासस

# सञ्चारमन्त्री तिमिल्सिनाद्वारा प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितामा जोड

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले प्रेस स्वतन्त्रता, व्यावसायिक पत्रकारिता र प्रविधिमैत्री सञ्चार अभ्यासलाई लोकतन्त्र सुदृढीकरणको आधार रहेको बताउनुभएको छ ।

शितलनिवासमा बिहीबार आयोजित राष्ट्रिय पत्रकारिता दिवस २०८३ तथा पुरस्कार वितरण समारोहमा मन्तव्य राख्दै मन्त्री तिमिल्सिनाले पत्रकारिताको स्वतन्त्रता र मर्यादाको संरक्षणमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले पत्रकारितालाई राज्यको चौथो अङ्गका रूपमा सरकारले स्वीकार गरेको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र मर्यादित पत्रकारिता लोकतन्त्रको आधार भएको धारणा राख्नुभयो । संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको भन्दै उहाँले सरकार प्रेसमाथि अंकुश लगाउने पक्षमा नरहेको स्पष्ट पार्नुभयो ।



मन्त्री तिमिल्सिनाले स्वतन्त्रतासँगै जिम्मेवारी र उत्तरदायित्व आवश्यक रहने उल्लेख गर्दै तथ्य र सत्यमा आधारित पत्रकारिताले समाजलाई सही दिशा दिने बताउनुभयो । यस वर्षको राष्ट्रिय पत्रकारिता दिवसको नारा 'सुशासनको आधार : प्रविधिमैत्री जिम्मेवार पत्रकार' रहेको उल्लेख गर्दै उहाँले डिजिटल युगमा प्रविधियुक्त र जिम्मेवार पत्रकारिताको आवश्यकता झन् बढेको बताउनुभयो ।

"विश्वव्यापी सूचना प्रविधिको विकाससँगै सूचना प्रवाहमा तीव्रता आएको भए पनि 'फेक न्यूज' र सामाजिक सञ्जालको दुरुपयोग चुनौतीका रूपमा देखिएको छ", मन्त्री तिमिल्सिनाले भन्नुभयो, "यस्ता चुनौती कम गर्न तथ्य जाँचलाई पत्रकारिताको महत्वपूर्ण अङ्गका रूपमा विकास गर्नुपर्छ ।"

मन्त्री तिमिल्सिनाले सञ्चार माध्यमहरूको व्यावसायिकता र दिगोपन सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै विज्ञापन नीति २०८३ तर्जुमामार्फत सञ्चार क्षेत्रको हितमा नीतिगत व्यवस्था गर्न सरकार अघि बढेको जानकारी दिनुभयो । श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनप्रति सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले पत्रकारहरूको न्यूनतम पारिश्रमिक सुरक्षा र वृत्ति विकासका लागि थप प्रभावकारी कदम चालिने बताउनुभयो ।

पत्रकारितालाई सामाजिक न्याय, सुशासन र समृद्धिको संवाहकका रूपमा व्याख्या गर्दै विकास, सुशासन र सामाजिक रूपान्तरणका विषय जनतासम्म पुऱ्याउन सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने मन्त्री तिमिल्सिनाले बताउनुभयो । उहाँले सञ्चारकर्मीलाई तथ्यमा आधारित र रचनात्मक आलोचना गर्न आग्रह गर्नुभयो ।

मन्त्री तिमिल्सिनाले सरकारले सञ्चारसम्बन्धी विभिन्न कानुन निर्माणको प्रक्रिया अघि बढाएको जानकारी दिँदै पत्रकारिता क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र आधुनिक बनाउने लक्ष्य रहेको बताउनुभयो । विसं १९५८ वैशाख २४ गते 'गोरखापत्र' प्रकाशन सुरु भएको ऐतिहासिक दिनको स्मरणमा मनाइएको दिवसका अवसरमा उहाँले देश तथा विदेशमा रहेका सम्पूर्ण पत्रकार, सञ्चार गृह सञ्चालक र सञ्चारकर्मीलाई शुभकामना व्यक्त गर्नुभयो ।

समारोहमा मन्त्री तिमिल्सिनाले 'राष्ट्रिय पत्रकारिता पुरस्कार २०८२' र 'वरिष्ठ पत्रकार सम्मान २०८२' बाट सम्मानित अग्रज तथा समकालीन पत्रकारहरूलाई बधाई दिँदै लोकतन्त्र, नागरिक स्वतन्त्रता र सत्यनिष्ठ पत्रकारिताका लागि पत्रकारहरूले पुऱ्याएको योगदानको राज्यले उच्च मूल्याङ्कन गरेको बताउनुभयो ।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले जिम्मेवार तथा प्रविधिमैत्री पत्रकारिता सुशासनको आधार भएको बताउनुभयो । प्रविधिको उच्चतम प्रयोग गर्दै जिम्मेवारीपूर्ण ढङ्गले नागरिकलाई सुशिक्षित गर्नु आजको आवश्यकता भएको उल्लेख गर्दै उहाँले प्रविधि आफैँमा साधन मात्र भएकाले त्यसको प्रयोग कसरी गरिन्छ भन्ने कुराले सुशासनको अवस्था निर्धारण गर्ने धारणा राख्नुभयो ।

सामाजिक सञ्जाल र अनलाइन सञ्चारमाध्यमको बढ्दो प्रभावबीच सत्य सूचना ओझेलमा पर्न नहुने उल्लेख गर्दै सचिव बस्नेतले पारदर्शी समाज र जवाफदेही सरकार निर्माणमा प्रविधिमैत्री पत्रकारिताले पहरेदारको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । लोकतन्त्रको सुदृढीकरण, सुशासन प्रवर्द्धन तथा नागरिकको सूचनाको हकको रक्षाका लागि मन्त्रालय सञ्चारमाध्यमसँग सहकार्य गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

सचिव बस्नेतले सञ्चार क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र प्रविधिमैत्री बनाउन नयाँ नीति तथा कानुनको तर्जुमा र परिमार्जनलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । रासस

# ठगी नियन्त्रण गर्न डिजिटलाइजेसन प्रक्रिया सुरु : श्रममन्त्री यादव

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले वैदेशिक रोजगारबाट हुने ठगी नियन्त्रण गर्न डिजिटलाइजेसन प्रक्रिया शुरु गरेको बताउनुभएको छ ।



यसैअन्तर्गत आफू मन्त्री भएयता २५ दिनभित्रमा वैदेशिक रोजगार विभागमा परेका ४० हजार मुद्दामध्ये, १२ हजार मुद्दालाई डिजिटलाइजेसन गर्ने तयारी गरेको उहाँले बताउनुभयो । जसमध्ये, आठ हजार मुद्दा डिजिटलाइजेसन भइसकेको मन्त्री यादवले जानकारी दिनुभयो ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा मन्त्री यादवले उक्त जानकारी दिनुभएको हो । उहाँका अनुसार १२ हजार मुद्दा कारबाही प्रक्रियामा छ । यसैका लागि मन्त्रालयले १० जना अनुसन्धान अधिकृतको माग गरेको छ । "आठ हजार मुद्दा डिजिटलाइज गरिसकेका छौँ", उहाँले भन्नुभयो, "अरु हुँदैछ । सत्ताइस हजार मुद्दामध्ये, केही मुद्दा जेनजी आन्दोलनमा जलेको अवस्थामा छन् ।"

मन्त्री यादवले विमानस्थलको आगमन र प्रस्थान विन्दुमा आएकामध्ये, ४३४ जनालाई वैदेशिक रोजगार जाँदा भोग्नुपरेका समस्या विषयमा १७ वटा प्रश्न सोधेर वस्तुस्थितिका जानकारी लिने कार्य पनि मन्त्रालयले गरिसकेको बताउनुभयो । जसमध्ये, धेरैले उत्तर दिन चाहेको र उत्तर दिएकामध्ये, ३८ प्रतिशत व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको भेटिएको उहाँको भनाइ छ ।

उहाँले अब मन्त्रालयले सबै स्थानीय तहमै श्रम स्वीकृति दिने व्यवस्था गर्न लागेको जानकारी दिनुभयो । आगामी साताभित्रै यो व्यवस्था लागू हुने उहाँको भनाइ थियो ।

त्यस्तै, वैदेशिक रोजगारसँग सम्बन्धित समस्या हेल्लो सरकारबाट र ह्वाट्सयापबाट आएको गुनासोका आधारमा मन्त्रालयले २५ दिनभित्र १७८ जनालाई उद्धार गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पच्चीस दिनमा नौ जना ठगी गर्नेलाई कारबाही गरेका छौँ, वैदेशिक रोजगारमा ठगी गर्नेको ' कनेक्सन' नै भेटाउन चुनौती छ ।"

बैठकमा समितिका सभापति रहबर अन्सारीले वैदेशिक रोजगारको समस्या आजको भोलि नै शून्य गराउन सकिने अवस्था नरहेको बताउदै यसको सुधार गर्न कानुनी सुधारमा जोड दिनुभयो ।

बैठकमा सांसदहरु बुद्धिप्रसाद पन्त, प्रकाशसिंह कार्की, प्रकाश पाठक, रन्जु दर्शना, टेकबहादुर शाक्य, प्रभा कार्की लगायतले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउने, स्वदेशमै श्रमिकलाई सम्मानपूर्वक काम गर्ने वातावरण सिर्जना गर्ने, श्रमिक र उद्यमीबीचको सन्तुलन बनाउन नीतिगत योजना ल्याउनेलगायत विषयमा आफ्ना सुझाव राख्नुभएको थियो । रासस

# ट्रम्पको चेतावनीबीच अमेरिकी प्रस्ताव अध्ययन गर्दै इरान

**एएफपी**

अमेरिका र इरानबीच दुई महिनादेखि जारी सैन्य तनाव अन्त्य गर्ने सम्भावित सम्झौताबारे नयाँ कूटनीतिक प्रयास शुरु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई सम्झौता स्वीकार नगरे ' अझ ठूलो स्तरको बमबारी' हुने चेतावनी दिनुभएको केही घण्टापछि तेहरानले वासिङ्टनबाट आएको नयाँ प्रस्तावहरूको समीक्षा गरिरहेको जनाएको हो । युद्धविराम कायम रहे पनि खाडी क्षेत्रमा तनाव भने अझै कम भएको छैन ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध संयुक्त सैन्य कारबाही थालेपछि सुरु भएको द्वन्द्वले विश्व ऊर्जा बजार, समुद्री व्यापार र क्षेत्रीय सुरक्षामा गम्भीर असर पारेको थियो । अप्रिल ८ देखि औपचारिक युद्धविराम कायम भए पनि स्थायी समाधानका लागि भएका वार्ताहरू अझै निष्कर्षमा पुगेका छैनन् ।

यसबीच, युद्ध अन्त्यको सम्भावना देखिएसँगै अन्तर्राष्ट्रिय बजारमा केही राहतको सङ्केत देखिएको छ । ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल करिब १०० डलर आसपास स्थिर भएको छ । लगानीकर्ताहरूले हर्मुज जलघाँटी फेरि पूर्ण रूपमा खुल्ने र तेल तथा प्राकृतिक ग्यासको ढुवानी सामान्य बन्ने अपेक्षा गरेका छन् ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमार्फत युद्ध 'चाँडै अन्त्य हुन सक्ने' दाबी गर्नुभएको छ । उहाँले इरानले अमेरिकाले प्रस्ताव गरेको सम्झौता स्वीकार गरे तेल र ग्यास ढुवानी पुनः सुचारु हुने उल्लेख गर्नुभएको थियो । तर प्रस्ताव अस्वीकार गरिए थप सैन्य कारबाही हुने चेतावनी पनि उहाँले दिनुभयो ।

"यदि उनीहरू सहमत भएनन् भने बमबारी सुरु हुन्छ", ट्रम्पले सामाजिक सञ्जालमा लेख्नुभएको छ । उहाँले सम्भावित आक्रमण 'पहिलेभन्दा धेरै उच्च स्तर र तीव्र' हुने दाबी पनि गर्नुभयो ।

युद्धका क्रममा ट्रम्प प्रशासनको रणनीति र सन्देश बारम्बार परिवर्तन भएको आरोप पनि लाग्दै आएको छ । विशेषगरी हर्मुज जलघाँटी खुलाउने अमेरिकी योजनाबारे ह्वाइट हाउसका अभिव्यक्तिहरू केही घण्टामै फरक-फरक आएको भन्दै विश्लेषकहरूले अमेरिकी नीति अस्थिर देखिएको टिप्पणी गरेका छन् ।



इरानले हाल हर्मुज जलघाँटी प्रभावकारी रूपमा नियन्त्रणमा राखेको छ । विश्व ऊर्जा आपूर्तिको महत्त्वपूर्ण मार्ग मानिने यो जलमार्ग हुँदै तेल, ग्यास तथा पेट्रोलियमजन्य वस्तु विश्व बजारमा पुग्ने गर्छन् । अमेरिकाले भने इरानी बन्दरगाहहरूमा नाकाबन्दी कायम राखेको छ ।

बुधबार अमेरिकी सेनाले ओमानको खाडीमा इरानी तेल ट्याङ्करमाथि कारबाही गरेको जनाएको थियो । अमेरिकी सेन्ट्रल कमान्डका अनुसार अमेरिकी नाकाबन्दी तोड्ने प्रयास गरेपछि लडाकू विमानले ट्याङ्करको बाहिरी भागमा गोली प्रहार गरेको थियो ।

यसैबीच ट्रम्पले इरानी नेतृत्व युद्ध अन्त्य गर्न इच्छुक रहेको दाबी गर्नुभएको छ । उहाँले 'सम्झौता गर्न चाहने मानिसहरूसँग छलफल भइरहेको' बताउँदै अमेरिका आफ्नो सर्तमा सहमति गराउन सक्षम हुन सक्ने सङ्केत दिनुभयो ।

अमेरिकी सञ्चारमाध्यम एक्सियोसका अनुसार ह्वाइट हाउसले इरानसँग सम्भावित सम्झौताका लागि एक पृष्ठको प्रारम्भिक ज्ञापन तयार पारेको छ । त्यसमा इरानको युरेनियम संवर्द्धन कार्यक्रम रोक्ने, अमेरिकी प्रतिबन्धहरू हटाउने, इरानको रोक्का गरिएको सम्पत्ति फुकुवा गर्ने तथा हर्मुज जलघाँटी खुला गर्ने प्रावधान समावेश रहेको बताइएको छ ।

तर ह्वाइट हाउसले सम्भावित सम्झौताबारे औपचारिक प्रतिक्रिया दिएको छैन । यता इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले राज्य सञ्चारमाध्यमसँग कुरा गर्दै एक्सियोसले उल्लेख गरेका प्रस्तावहरूलाई 'कडा रूपमा अस्वीकार' गरिएको बताउनुभयो । यद्यपि उहाँले पछिल्लो अमेरिकी प्रस्तावको अध्ययन जारी रहेको स्वीकार गर्नुभयो ।

यसअघि अमेरिकाले 'प्रोजेक्ट फ्रिडम' नाम दिएर हर्मुज जलघाँटी हुँदै व्यापारिक जहाजलाई सुरक्षित मार्ग उपलब्ध गराउने सैन्य योजना अघि सारेको थियो । तर मङ्गलबार ट्रम्प प्रशासनले उक्त योजना अस्थायी रूपमा स्थगित गरेको थियो ।

अमेरिकी सुरक्षामा सञ्चालित मार्ग खुलाइएपछि सोमबार केवल दुई अमेरिकी झण्डावाहक व्यापारिक जहाज मात्रै जलघाँटी पार गर्न सफल भएका थिए । अमेरिकी सेनाले नागरिक जहाजलाई धम्की दिएको आरोप लगाउँदै इरानका छवटा साना डुङ्गा डुबाइएको दाबी पनि गरेको छ ।

हाल सयौँ व्यापारिक जहाज पर्सियन खाडी क्षेत्रमा रोकिएका छन् । हर्मुज जलघाँटी बन्द भएकाले ती जहाज खुला समुद्रसम्म पुग्न सकेका छैनन् । यसले विश्वव्यापी इन्धन मूल्य तीव्र रूपमा बढाएको छ भने विश्व अर्थतन्त्रमा व्यापक दबाब सिर्जना गरेको छ ।

विश्वकै ठूलो ढुवानी कम्पनीमध्ये एक हापाग-लोयडले जलघाँटी बन्द हुँदा हरेक हप्ता करिब छ करोड डलर अतिरिक्त खर्च भइरहेको जनाएको छ । बढ्दो इन्धन मूल्य र बीमा शुल्कले व्यापारिक ढुवानी क्षेत्रलाई गम्भीर असर परेको कम्पनीको भनाइ छ ।

यसैबीच चीनले युद्धविरामलाई दीर्घकालीन शान्ति सम्झौतामा रूपान्तरण गर्न आह्वान गरेको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले बुधबार बेइजिङमा इरानी विदेशमन्त्री अब्बास अराघचीसँग भेटवार्ता गर्दै द्वन्द्वप्रति चीन 'गहिरो रूपमा चिन्तित' रहेको बताउनुभयो ।

चीन र इरानबीचको निकट आर्थिक तथा राजनीतिक सम्बन्धका कारण बेइजिङ अहिलेको सङ्कट समाधानमा प्रभावशाली भूमिका खेल्न सक्ने अवस्थामा देखिएको छ । ट्रम्प प्रशासनले पनि चीनलाई इरानमाथि प्रभाव प्रयोग गरी हर्मुज जलघाँटी खुलाउन आग्रह गरिरहेको छ ।

अराघचीको चीन भ्रमण अमेरिकी राष्ट्रपति ट्रम्पको आगामी बेइजिङ भ्रमणअघि भएको हो । ट्रम्प मे १४-१५ मा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने उच्चस्तरीय शिखर सम्मेलनमा सहभागी हुने तयारीमा हुनुहुन्छ ।

इरानी विदेशमन्त्री अराघचीले आफ्नो चीन भ्रमणका क्रममा इरानको आणविक कार्यक्रम, हर्मुज जलघाँटी र सम्भावित कूटनीतिक समाधानबारे विस्तृत छलफल भएको जानकारी दिनुभएको छ । उहाँले तेहरान आफ्नो रणनीतिक हित सुरक्षित रहने गरी मात्रै कुनै सम्झौतामा जाने अडानमा रहेको सङ्केत गर्नुभयो । रासस

# नेपाल 'ए' ले स्कटल्यान्डलाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । देव खनालको अर्धशतकमा नेपाल 'ए' ले स्कटल्यान्डलाई एक दिवसीय सिरिजको पहिलो खेलमा हराएको छ ।

जितको लागि २ सय ७८ रनको विजय लक्ष्य पछाएको स्कटल्यान्ड ४८.२ ओभरमा सबै विकेट गुमाएर २ सय ३२ रनमा समेटियो । ओपनर मार्क वाट र फिन्ले म्याकक्रेथले पहिलो विकेटको लागि ८७ रनको साझेदारी गरे ।

यो साझेदारीलाई साहब अलामले तोडे। ३७ रन बनाएका मार्क आउट भए । अर्धशतक बनाएका फिन्ले विपिन खत्रीको बलमा बोल्ड आउट भए। उनले ५२ रन बनाएका थिए ।

यसपछि स्कटल्यान्डले लगातार २ विकेट गुमायो। ब्रान्डन म्याक मलेन २१ रनमा र कप्तान रिची बेरिङ्गटन ३ रन जोडेर पबिलियन फर्कदा स्कटल्यान्डले ४ विकेटको नोक्सानीमा १ सय २८ रन बनाएको थियो ।

ज्याक जार्भिस र ओलिभर डेबिडसनले आठौं विकेटका लागि ५१ रनको साझेदारी गर्दै केहि आश देखाएपनि ४५ रन जोडेर ज्याक आउट भएसँगै स्कटल्यान्ड हार नजिक पुग्यो । ओलिभर पनि १७ रनमा आउट भए। यो सँगै स्कटल्यान्ड २ सय ३० रनमा समेटियो ।



बलिङमा नेपाल 'ए' साहब आलाम, युवराज खत्री, बसिर अहमद र रसिद खानले समान २ विकेट लिए ।

त्यसअघि मुलपानी क्रिकेट ग्राउण्डमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ७७ रन बनायो ।

ओपनर मयान तादव र कप्तान अनिल साहले पहिलो विकेटको लागि ५६ रनको साझेदारी गरे। अनिल १८ रनमा आउट भए । मयान ८६ बल खेल्दै ५ चौका र १ छक्का सहित ४५ रन बनाएर पबिलियन फर्किए । २ ओपनरलाई गुमाउँदा नेपालले २३.१ ओभरमा ८३ रन जोडेको थियो ।

त्यसपछि देव खनाल र सन्दीप जोराले तेस्रो विकेटको लागि ७७ रनको साझेदारी गरे । सन्दीप ३४ रनमा ओलिभर डेबुटसनद्वारा कट एण्ड बोल्ड भए। लगतै कुशल मल्ल पनि ३ रनमा आउट हुन पुगे ।

क्रिजमा टिकेका देवले अर्धशतक बनाए । उनले ६५ बल खेल्दै ६ चौका र १ छक्का सहित नेपालको लागि सर्वाधिक ६३ रनको पारी खेले । पवन सराफले ३१ रन जोड्दा दीपक डुम्रे अविजित १५ रनमा रहे । बलिङमा ब्राड क्युरी र सापयान सरिफले २/२ विकेट लिए ।

त्यस्तै अर्को साता शुरु हुने आइसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको सिरिजका लागि स्कटल्याण्ड र अमेरिका नेपाल भ्रमणमा छन् । लिग टुमा अमेरिका शीर्ष र स्कटल्याण्ड दोस्रो स्थानमा छ । नेपाल 'ए' ले भोलि अमेरिकासँग खेल्ने भएको छ ।

# जितको लागि नेपाललाई चुनौती

**टुडे समाचारदाता**

काठमाण्डु । आईसीसी विश्वकप लिग टु अन्तर्गत नेपाल, ओमान र यूएई सम्मिलित सिरिज नेपालका लागि सन्तोषजनक रहेको छ । नेपालले ४ खेलमध्ये ३ मा जित निकाल्दा १ खेलमा हार बेहोरेको थियो ।



यससँगै नेपालले महत्वपूर्ण ६ अंक जोड्न सफल भयो ।

६ अंक थपिए पनि नेपाल ८ राष्ट्र सहभागी लिग टु को अंक तालिकामा भने सातौं स्थानमै कायम छ ।

लिग टु अन्तर्गत प्रत्येक राष्ट्रले घरेलु मैदानमा १२, अवेमा १२ र तटस्थ मैदानमा १२ गरी कुल ३६ खेल खेल्ने प्रावधान छ । सबै टोलीले ३६ खेल पूरा गरेपछि शीर्ष चार टोली विश्वकप छनोटमा पुग्नेछन् ।

हालसम्म नेपालले २४ खेल खेलिसकेको छ । घरेलु मैदानमा खेल्नुपर्ने १२ खेलमध्ये नेपालले ८ खेल खेलिसकेको छ, जसमा ४ खेलमा मात्र जित निकाल्न सकेको छ। अब नेपालले त्रिवि मैदानमा ४ खेल खेल्न बाँकी छ । अघिल्लो चक्रमा भने नेपालले घरेलु मैदानमा १२ मध्ये १० खेल जितेको थियो ।

यसपटक नेपालले क्यानडा र दुबईमा भएको सिरिजमा निराशाजनक प्रदर्शन गरेको थियो। क्यानडामा ३ खेल हार्दा एक खेल वर्षाका कारण रद्द भएको थियो । दुबईमा भने नेपाल चारै खेलमा पराजित भएको थियो ।

अंक तालिकाको शीर्ष चारमा पुग्ने नेपालको सम्भावना अझै कायम छ । तर त्यसका लागि बाँकी १२ खेलमध्ये कम्तीमा ९ देखि १० खेल जित्नुपर्ने दबाब नेपालमाथि छ। तीमध्ये ४ खेल घरेलु मैदानमा हुनेछन् ।

भर्खरै सम्पन्न सिरिजमा नेपालले देखाएको प्रदर्शनले टोलीमा आत्मविश्वास थपिएको छ। १३ खेल हारिसकेको अवस्थामा नेपालमाथि जित निकाल्नैपर्ने दबाब थियो। त्यसलाई सामना गर्दै नेपालले यूएईलाई दुवै खेलमा र ओमानलाई एक खेलमा पराजित गर्‍यो ।

यद्यपि नेपालको ब्याटिङ पक्षमा अझै सुधार आवश्यक देखिन्छ । उपकप्तान दीपेन्द्र सिंह ऐरीको लगातार उत्कृष्ट प्रदर्शन अहिले नेपाली टोलीको सबैभन्दा बलियो पक्ष बनेको छ । अघिल्लो सिरिजमा उनले बनाएका शतक र अर्धशतक नेपालको जितका मुख्य आधार बनेका थिए ।

युवा ब्याटर अर्जुन कुमालले देखाएको सम्भावना पनि सकारात्मक पक्ष हो । अनुभवी विनोद भण्डारीको पुनरागमन र आशिफ शेखले ओमानविरुद्ध दोस्रो खेलमा बनाएको ९४ रनले शीर्ष क्रमको प्रतिस्पर्धालाई थप रोचक बनाएको छ ।

यसले कुशल भुर्तेलमाथि राम्रो प्रदर्शन गर्नुपर्ने दबाब समेत बढाएको छ । अन्य ब्याटरले पनि आगामी खेलहरूमा जिम्मेवारीपूर्ण प्रदर्शन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

पेस बलिङमा नन्दन यादवको प्रदर्शन सन्तोषजनक रह्यो । सोमपाल कामी र करण केसीले पनि एक-एक खेलमा प्रभावशाली प्रदर्शन गरे । स्पिनतर्फ सन्दीप लामिछाने टोलीका मुख्य हतियार बने । दीपेन्द्रले पनि स्पिनमा साथ दिए । तर ललित राजवंशीको प्रदर्शन अपेक्षाअनुसार हुन सकेन ।

कप्तान रोहित पौडेलको नेतृत्वमा नेपालले ४ मध्ये ३ खेल जित्यो । तर रोहित स्वयं, कुशल भुर्तेल र भीम सार्कीको प्रदर्शन भने फितलो रह्यो । यस सिरिजमा गरिएको केही परिवर्तनले नेपाल 'ए' टोलीका खेलाडीहरूले राष्ट्रिय टोलीका खेलाडीलाई चुनौती दिन मात्र होइन, स्थान नै लिन सक्ने संकेत पनि दिएका छन् ।

अब मइ १२ देखि त्रिवि क्रिकेट मैदानमा नेपाल, ओमान र स्कटल्याण्डबीच अर्को सिरिज सुरु हुँदैछ। त्यस सिरिजमा नेपाललाई जितको लय कायम राख्ने ठूलो चुनौती हुने भएको छ । अमेरिका २४ खेलबाट ३६ अंकसहित शीर्ष स्थानमा छ । त्यस्तै स्कटल्याण्ड २८ खेलबाट ३४ अंक जोड्दै दोस्रो स्थानमा रहेको छ ।

# गाजामा भोकमरी र विस्थापनको सङ्कट गहिरिँदै

**एएफपी**

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय निकायका अनुसार गाजामा रहेका २१ लाख मानिसहरू अहिले पनि गाजा क्षेत्रको आधाभन्दा कम भूभागमा सीमित भएर बस्न बाध्य छन् ।

संयुक्त राष्ट्रसङ्घले जनाएको अनुसार मानिसहरूले गाजाका धेरै भागहरूमा पहुँच पाउन सकेका छैनन्, जहाँ खेतीयोग्य जमिन र अत्यावश्यक पूर्वाधारहरू रहेका छन् । उनीहरू विदेश जान वा विशेष स्वास्थ्य सेवा उपलब्ध हुने पश्चिमी किनारा क्षेत्रमा पुग्न समेत असमर्थ छन् ।

मानवीय सहायता निकायहरूले कठिन परिस्थितिका बीच पनि राहत वितरण जारी राखेका छन् । गत साता करिब ५ हजार ओछ्यान सामग्री, ६ सय शय्या सामग्री किट, १ हजार ५ सयभन्दा बढी अस्थायी आवास सामग्री र झण्डै ५५० वटा पाल चार हजार चार सयभन्दा बढी परिवारलाई वितरण गरिएको बताइएको छ ।

खाद्य सुरक्षासम्बन्धी साझेदार संस्थाहरूले दैनिक ११ लाखभन्दा बढी खाना १२० भन्दा बढी सामुदायिक भान्सामार्फत उपलब्ध गराइरहेका छन् । तर पनि गाजामा भोकमरीको समस्या अझै गम्भीर रहेको बताइएको छ ।

संयुक्त राष्ट्रसङ्घको खाद्य सहायता निकायका अनुसार धेरै परिवार अझै खाद्य सहायतामै निर्भर छन्, किनभने ताजा खाद्यान्न अत्यन्त महँगो छ । प्रत्येक पाँचमध्ये एक परिवारले दिनमा केवल एकपटक मात्र खाना खाने गरेको जनाइएको छ ।

खाना पकाउने ग्यासको अभावका कारण करिब ७० प्रतिशत परिवारले फोहोर जलाएर वा असुरक्षित तरिकाबाट खाना पकाउन बाध्य भएको बताइएको छ ।

त्यस्तै, पश्चिमी किनारा क्षेत्रमा पनि बस्ती विस्थापनको समस्या जारी छ। बसोबास गर्ने समुदायमाथि आक्रमण र धम्की बढेपछि पछिल्लो एक सातामा ३० भन्दा बढी मानिस विस्थापित भएका छन् ।

सन् २०२३ यता पश्चिमी किनारा क्षेत्रमा हिंसाका कारण ५ हजार ९ सयभन्दा बढी प्यालेस्टिनी विस्थापित भइसकेका छन्, जसमा यस वर्ष मात्रै करिब २ हजार जना रहेका छन् ।

# इरानका सर्वोच्च नेता खामेनीसँग भेटवार्ता गरेको राष्ट्रपति पेजेस्कियानद्वारा जानकारी

**एएफपी**

इरानका राष्ट्रपति मसुद पेजेश्कियानले बिहीबार देशका सर्वोच्च नेता मोजतबा खामेनीसँग भेटवार्ता गरेको बताउनुभएको छ ।

राष्ट्रपति पेजेश्कियानले उहाँहरूबीच कहिले भेटवार्ता भयो भनेर बताउनुभएन ।

"इरानका सर्वोच्च नेताको दूरदर्शिता, नम्र र इमानदार दृष्टिकोणले मलाई यो बैठकमा सबैभन्दा बढी प्रभावित बनायो," सरकारी टेलिभिजनले प्रसारण गरेको एक भिडियोमा राष्ट्रपतिले भन्नुभयो ।

मध्यपूर्व युद्धको पहिलो दिन जसमा आफ्ना पिता र पूर्ववर्ती अली खामेनीको ज्यान लिएको अमेरिका-इजरायलको संयुक्त आक्रमणमा घाइते भएका मोजतबा सर्वोच्च नेता घोषित गरिए पनि अहिलेसम्म उहाँ सार्वजनिकरूपमा देखा पर्नुभएको छैन ।

सर्वोच्च नेता खामेनीले आफ्नो नियुक्तिपछि लिखित वक्तव्य मात्र जारी गर्दै आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्दै आउनुभएको छ ।

खामेनीका पूर्ववर्ती तथा ८६ वर्षीय पिता अली खामेनीले इस्लामिक गणतन्त्र इरानको नेतृत्वमा तीन दशकभन्दा बढी समय बिताएपछि फेब्रुअरी २८ मा अमेरिकी आक्रमणबाट मृत्यु भएको थियो ।




अली खामेनीसन् १९८९ मा गणतन्त्रका संस्थापक अयातोल्लाहरुहोल्लाहखोमेनीको उत्तराधिकारी बन्नुभएको थियो ।

इरानको सर्वोच्च नेता छनोटका लागि जिम्मेवार ८८ सदस्यीय निकायको विज्ञहरूको सभाले मोज्तबाको नियुक्तिको घोषणा मार्च ९ मा गरेको थियो ।

त्यसबेलादेखि, इरानको सडकमा ५६ वर्षीय खामेनीको तस्वीरहरू सर्वव्यापी भएका छन्, तर नयाँ नेताले सार्वजनिक मञ्चमा देखा पर्नुभएको छैन । यो उहाँका पिता तथा पूर्ववर्ती खामेनीको बारम्बार सावैजनिक उपस्थिति हुने प्रचलनको ठीक विपरीत हो ।

विश्लेषकहरूले युद्धका समय सार्वजनिक हुनुले उहाँको जीवनको सुरक्षामा चुनौती हुनसक्ने भएकाले उहाँले भूमिगत अवस्थामा सरकार र नेतृत्वको अभिभावकत्व गर्दै आउनुभएको बताउने गरेका छन् । रासस

# तेल मूल्य घट्दा अमेरिकी शेयर बजारमा सुधार

**सिन्ह्वा**

न्युयोर्क । मध्यपूर्वको द्वन्द्व अन्त्यतर्फ उन्मुख हुन सक्ने सङ्केत र प्रविधि कम्पनीहरूको बलियो आम्दानी प्रतिवेदनले लगानीकर्ताको मनोबल बढाएपछि बजारमा उत्साह देखिएको हो ।

अमेरिकाको प्रमुख औद्योगिक शेयर सूचक ६१२ दशमलव ३४ अङ्कले बढेर ४९ हजार ९१० दशमलव ५९ बिन्दुमा पुगेको छ । त्यस्तै, व्यापक बजार सूचक १०५ दशमलव ९० अंकले बढेर ७ हजार ३६५ दशमलव १२ बिन्दुमा बन्द भयो भने प्रविधि केन्द्रित शेयर सूचक ५१२ दशमलव ८१ अंकले




उकालो लाग्दै २५ हजार ८३८ दशमलव ९४ बिन्दुमा पुगेको छ ।

११ प्रमुख क्षेत्रमध्ये ९ वटा क्षेत्रमा वृद्धि देखिएको थियो । औद्योगिक र प्रविधि क्षेत्र सबैभन्दा धेरै लाभमा रहेको छ । औद्योगिक क्षेत्र २ दशमलव ६० प्रतिशत र प्रविधि क्षेत्र २ दशमलव ५६ प्रतिशतले बढ्यो । ऊर्जा र सार्वजनिक सेवा क्षेत्र भने क्रमशः ४ दशमलव ०७ प्रतिशत र १ दशमलव ४५ प्रतिशतले घटेका छन् ।

अमेरिका र इरानबीच मध्यपूर्व युद्ध अन्त्य गर्न समझदारीतर्फ प्रगति भइरहेको समाचार सार्वजनिक भएपछि बजारमा सकारात्मक प्रभाव परेको विश्लेषण गरिएको छ । यसले तेलको मूल्य घटाएको छ भने लगानीकर्ताको विश्वास पनि बढाएको छ ।

यससँगै कम्पनीहरूको अपेक्षाभन्दा राम्रो नाफा विवरणले पनि बजारलाई थप बलियो बनाएको छ । प्रतिवेदन सार्वजनिक गरेका प्रमुख कम्पनीहरूमध्ये करिब ८५ प्रतिशतले अपेक्षाभन्दा बढी नाफा कमाएका छन् भने करिब ७७ प्रतिशत कम्पनीको आम्दानी अनुमानभन्दा राम्रो रहेको जनाइएको छ ।

प्रविधि क्षेत्रमा चिप निर्माता र उपकरण निर्माता कम्पनीहरूको शेयर उल्लेखनीय रूपमा बढेका छन् । त्यस्तै, सवारी सेवा प्रदायक, स्वास्थ्य सेवा कम्पनी र मनोरञ्जन क्षेत्रका कम्पनीहरूको शेयर पनि उल्लेखनीय रूपमा बढेका छन् ।

औषधि क्षेत्रका केही कम्पनीको शेयर बढ्दा फास्टफुड व्यवसायसँग सम्बन्धित कम्पनीको शेयर भने घटेको छ । अर्धचालक डिजाइन कम्पनीको शेयर आम्दानी प्रतिवेदन सार्वजनिक हुनुअघि १३ दशमलव ६३ प्रतिशतले बढेको थियो । अब लगानीकर्ताहरूले बिहीबार सार्वजनिक हुने रोजगारीसम्बन्धी नयाँ तथ्यांकलाई नजिकबाट हेरिरहेका छन् ।

# पिएसजी च्याम्पियन्स लिगको फाइनलमा

**टुडे समाचारदाता**

एजेन्सी । पेरिस सेन्ट जर्मेन (पिएसजी) च्याम्पियन्स लिगको फाइनलमा प्रवेश गरेको छ ।

जर्मन क्लब बायर्न म्युनिखसँग दोस्रो लेगमा १-१ को बराबरी खेलेपछि पिएसजी समग्रमा ६-५ को नतिजासहित उपाधि रक्षाको नजिक पुगेको छ । अब पिएसजीले उपाधिका लागि आर्सनलसँग प्रतिस्पर्धा गर्ने भएको छ ।

पहिलो लेगमा ५-४ को जित निकालेको पिएसजीले दोस्रो लेगमा सुरुदेखि नै सावधानीपूर्वक खेल्यो । खेलको तेस्रो मिनेटमै उस्मान डेम्बेलेले गोल गर्दै टोलीलाई अग्रता दिलाए। ख्भिचा क्वारात्स्खेलियाको पासमा डेम्बेलेले उत्कृष्ट फिनिस गरे ।

सुरुमै गोलले पछि परेको बायर्नले बराबरीका लागि दबाब बढायो । लुइस डियाज, माइकल ओलिसे र जमाल मुसियालाले अवसर सिर्जना गरे पनि गोल गर्न सकेनन् । पहिलो हाफको इन्जुरी समयमा जोनाथन टाहले पाएको हेडिङ अवसर पनि बाहिरियो ।

दोस्रो हाफमा पिएसजीले बलियो रक्षात्मक खेल प्रदर्शन गर्‍यो । गोलरक्षक मानुएल नोयरले केही उत्कृष्ट बचाउ गर्दै पिएसजीको अग्रता बढ्न दिएनन् ।

इन्जुरी समयको चौथो मिनेटमा ह्यारी केनले अल्फोन्सो डेभिसको पासमा गोल गर्दै खेल १-१ को बराबरीमा ल्याए । तर त्यसपछि बायर्नले अर्को गोल गर्न नसक्दा पिएसजी फाइनल पुग्यो ।

डेम्बेलेको गोल च्याम्पियन्स लिग सेमिफाइनल इतिहासकै तेस्रो सबैभन्दा छिटो गोल बनेको छ । यस्तै, क्वारात्स्खेलिया लगातार ७ नकआउट खेलमा गोल वा असिस्ट गर्ने पहिलो खेलाडी बनेका छन् ।


खेलमा बायर्नले धेरै आक्रमण गरे पनि पिएसजीले अग्रता जोगाउँदै सफलता प्राप्त गरेको थियो ।

# सीमामा भन्सार कडाइः महेन्द्रनगरमा चहलपहल बढ्यो, वनबासा सुनसान

महेन्द्रनगर । पश्चिम नेपालका नेपाल-भारत सीमामा सुरक्षा संयन्त्रले भारततर्फबाट आयात हुने मालसमानमा कडाइ गरेपछि कञ्चनपुरको महेन्द्रनगर बजारमा मालवस्तु किनमेलका लागि चहल पहल बढेको छ।

भारतबाट आायत हुने सामानमा गड्डाचौकी नाकामा भन्सार कडाइ गरेपछि दैनिक उपभोग्यदेखि मालसमान खरिदका लागि सीमावर्ती भारतीय बजार वनबासा जाने क्रम घटेको छ। यसरी हेर्दा दैनिक मालवस्तु किनमेलका लागि लाग्ने गरेको वनबासा बजार सुनसान हुँदा यता नेपालतर्फका पसलहरूमा चहलपहल बढेको हो।

गड्डाचौकी र आसपासका क्षेत्रमा केही समययता सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले भन्सार जाँचमा कडाइका साथै रु १०० भन्दा बढीको सामान आयात गर्दा भन्सार राजश्व बुझाउनुपर्ने विषयमा सतर्कता बढाएपछि महेन्द्रनगर बजारमा चहलपहल बढेको हो।



महेन्द्रनगरका व्यवसायी इन्द्रबहादुर बमले सीमामा भएको भन्सार कडाइका कारण यता नेपालतर्फको महेन्द्रनगर बजारमा किनमेल बढेको बताउनुभयो । उहाँले मानिसहरू पहिले भारतीय बजारमा सामान सस्तो पाइनेभन्दा स्थानीयहरू बजारका लागि पारि जाने गरेकोमा अहिले त्यस्तो नहुने रहेछ भन्ने तथ्य पनि उनीहरूले बभ्mन थालेको बताउनुभयो।

"सामान सस्तो भए पनि भन्सारदेखि जाँदा मोटरसाइकलमो तेलको मुल्य जोड्ने हो भने बराबरजस्तै हुन्छ", उहाँले भन्नुभयो, "सीमामा भन्सारले कडाइ गरे नेपालमा व्यवसाय गर्न मानिसहरूको आकर्षण बढ्छ ।" उहाँले सामान्य घरायसी सामान खरिद गर्न पनि पारि बजार जाने प्रचलनजस्तै रहेको बताउनुभयो।

विगतका तुलनामा बजारमा गतिविधि बढे पनि भन्सार कडाइमा सुरक्षा निकायदेखि उद्योग वाणिज्य सङ्घको समेत सशक्त भूमिका हुनुपर्ने उहाँको भनाइ छ। उहाँले पछिल्लो समय पुनः घरका लागि पुजाका लागि भनेर सामान ल्याउन खोज्नेहरू सलबलाउन थालेको पनि बताउनुभयो।

उता सीमावर्ती भारतीय बजार वनबासा सदियौँदेखि नेपाली उपभोक्ताहरूमा आश्रित बजार हो । नेपाली भन्सारमा कडाइ हुँदा वनबासा बजारको व्यापार भने प्रभावित बनेको भारतीय व्यापारीहरूको भनाइ छ।

"गर्मी याममा पङ्खादेखि फ्रिज, कुलर खरिदका लागि नेपालबाट दैनिक मान्छेहरू यहाँ आउँथे", वनबासाका एक बिजुली पसलेले भने "सीमामा कडाइ हुँदा अहिले त यहाँका धेरैको व्यापार चौपट हुने अवस्था छ। हाम्रो बजार नै लगभग नेपालतर्फबाट त्यहाँका स्थानीयहरू नै हुने गर्दथे । तर अहिले आउन नै छोडेका छन्। आए पनि सानोतिनो सामान किनेर गइहाल्छन्। नेपाल भित्र्याउँदा भन्सार लाग्छ सामानको मूल्य आखिर उस्तै पर्न जानेछ भन्ने गर्दछन्।"

उनले नेपाल-भारत सीमामा दशकौँदेखि किसनमेलका लागि आवतजावत हुँदै आएकाले सीमामा भन्सार तिरेर भए पनि वातावरण सहज हुनुपर्नेमा जोड दिनुभयो। कञ्चनपुरस्थित सशस्त्र प्रहरी बल ३५ नं गण शैलेश्वरीका गणपति सशस्त्र प्रहरी उपरीक्षक प्रेमप्रकाश सिग्देलले कृषकका लागि मल ल्याउने विषयमा सहजीकरण गरिने भएपनि अन्यको हकमा भन्सार दाखिला नै गरेर मालसमान ल्याउनुपर्नेमा जोड दिनुभयो । "सीमामा भन्सार कडाइ गर्दा अहिले भन्सार दाखिला बढेको छ", उहाँले भन्नुभयो, "पहिलेको जस्तो सीमावर्ती बजारमा आउने जाने क्रम पनि भन्सार क्षेत्रमा घटेको देखिन्छ।" भारतबाट उपभोक्ताले रु १०० भन्दा बढीको मालसामान ल्याउँदा भन्सार लाग्ने विगतको व्यवस्थालाई कार्यान्वयन कडाइका साथ गर्दा नेपाल बजारमा व्यापारिक हिसाबले पनि चहलपहल बढेको उहाँको भनाइ छ।

वनबासाबाट साइकलमा क्यारिङ गरेर मालसमान महेन्द्रनगर र आसपासका बजारसम्म पुर्‍याउने गतिविधि पनि बन्द भएको छ । "विवाह, व्रतबन्ध, आदि पूजाआजा तथा घरायसी प्रयोजनका लागि भन्दै सामान ल्याउने तर भन्सार दाखिला नगर्ने विगतको क्रियाकलाप अब हुनुहुँदैन", उहाँले भन्नुभयो, "व्यापारिक हिसावलाई व्यवहारिक हो भन्न मिल्दैन।" गड्डाचौकी भन्सारबाट दैनिक उपभोग्य सामानका साथै लत्ताकपडा, इलेक्ट्रिक सामानलगायतका हुने गरेको छ।

नेपाल-भारत मैत्री सङ्घका महासचिव माधव जोशीले सीमामा भएको कडाइले केही समय नागरिकलाई असहज भएकोजस्तो देखिए पनि समग्रमा राज्यलाई फाइदा पुगेको बताउनुभयो । "भन्सार कडाइले नेपालतर्फ व्यापार बढ्नु र पारि प्रभावित हुनु स्वभाविक हो", जोशीले भन्नुभयो "अहिलेको कडाइले नेपालमा उत्पादन भएका वस्तुको प्रयोग बढ्यो। स्वदेशी उत्पादले बजार पाउनु र कारोबार बढ्नु राम्रो हो।"

उहाँले व्यापारका साथै स्वदेशमा रोजगारीसमेत बढ्ने भएकाले भन्सार कडाइलाई नियमनकारी निकायलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । "कोरोना महामारीका बेला पनि नेपाली वस्तु उपयोग गरेर जीवनयापन गरेकै हुन", उहाँले भन्नुभयो, "अहिले भारतबाट आयात कम हुँदा भन्सारको राजस्वमा असर गरेपनि समग्रमा राज्यको राजस्व घट्दैन। विगतमा दैनिक उपभोग्य सामान घरका लागि ल्याउने नाममा भइरहेको तस्करी अहिले नियन्त्रण भएको छ।"

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले भारतमा मजदुरी गरेर फर्किरहेका नेपाली नागरिकहरूलाई सीमामा कडाइका नाममा सास्ती दिन नहुने बताउनुभयो । "भारतमा मजुदरी गरेर फर्किरहेका दाजुभाइहरूसित पनि सर-सामानहरू हुन्छ, भन्सार दाखिलाका नाउँमा उहाँहरूले दुखः पाउनुहुँदैन ।" अध्यक्ष मल्लले भन्नुभयो, "क्यारिङ्क गरेर सामान ल्याउने विषयमा पनि कडाइ गर्नुपर्ने देखिन्छ।" रासस

# काठमाण्डुमा दोस्रो दक्षिण एसिया व्यापार मेला सुरु




काठमाण्डु । दक्षिण एसिया क्षेत्रका उद्योग, व्यापार तथा सेवासम्बन्धी अवसरलाई एकै थलोमा ल्याउने उद्देश्यका साथ आजदेखि राजधानीमा 'दोस्रो दक्षिण एसिया व्यापार मेला २०२६' सुरु भएको छ।

प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा सुरु भएको सो मेलामा नेपाल, भारत, बङ्गलादेश, भुटान, श्रीलङ्का, माल्दिभ्स, पाकिस्तान र अफगानस्तानका व्यावसायिक समूहको सहभागिता रहेको छ । यही वैशाख २८ गतेसम्म चल्ने सो मेलाको यहाँस्थित विभिन्न देशका राजदूत र उद्योगी व्यवसायीहरुले संयुक्तरुपमा उद्घाटन गर्नुभयो।

इन्ट्रोडक्शन ट्रेड शोज नेपालको व्यवस्थापनमा सुरु उक्त मेला बङ्गलादेशको उद्योग मन्त्रालय तथा एक्सपोर्ट प्रोमोसन ब्यूरोको सहकार्यमा सञ्चालन भएको हो। मेलालाई भुटानको उद्योग, वाणिज्य तथा रोजगारी मन्त्रालयले समर्थन गरेको छ।

विभिन्न देशको 'पेभिलियन'राखिएको सो मेलामा सार्क क्षेत्रका पाँच हजारभन्दा बढी उद्यमी व्यवसायी तथा एक लाख बढी स्थानीय अवलोकनकर्ता सहभागी हुने अनुमान गरिएको छ । प्रदर्शनीले निकासीयोग्य वस्तुको प्रवर्द्धन र व्यापारिक समुदायलाई प्रोत्साहन गर्ने विश्वास राखिएको छ।

प्रदर्शनीमा घरेलु तथा हस्तकलाका सामग्री, रैथाने खाद्यवस्तु, तयारी पोसाक र सौन्दर्य सामग्री, फर्निचर, कृषि उत्पादन, सूचना प्रविधि, घरेलु उपकरण, विद्युतीय सवारी साधनलगायतका सामग्री राखिएको मेला संयोजक सुमन महर्जनले जानकारी दिनुभयो।

प्रदर्शनीले उत्पादन तथा सेवाको प्रवर्द्धन, बजार सम्भाव्यता अध्ययन, तथा क्रेता-बिक्रेता बीच सहकार्य विस्तार तथा विभिन्न देशबीच व्यापारिक सम्बन्धलाई मजबुत बनाउने सघाउने अपेक्षा गरिएको उहाँको भनाइ छ। रासस

# चितवन मेडिकल कलेजले काठमाण्डु र हेटौँडामा अस्पताल सञ्चालन गर्दै

चितवन । चितवन मेडिकल कलेज (सिएमसी)ले संघीय राजधानि काठमाण्डुको तीनकुने र बागमती प्रदेश राजधानि मकवानपुरको हेटौँडामा अतिविशिष्टकृत सेवासहितका अस्पताल सञ्चालन गर्ने भएको छ।

यसका लागि काठमाण्डुमा अत्याधुनिक अस्पताल भवन निर्माणको अन्तिम चरणमा पुगेको छ भने हेटौँडामा भने भवन निर्माण गर्न हालै शिलान्यास गरिएको हो । चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा. डा. हरिश्चन्द्र न्यौपानेले सिएमसी काठमाण्डुको नामबाट आगामी दशैँको घटस्थापनादेखि अस्पताल सञ्चालन हुने जानकारी दिनुभयो । सत्र रोपनी जमिनमा रु १२ अर्बभन्दा बढी लगानी गरेर अस्पताल सञ्चालन गर्न लागिएको हो । सञ्चालनको सुरुआतमा नै भारतको मेदान्त अस्पतालले यसको व्यवस्थापन गर्ने उहाँले बताउनुभयो।



अस्पतालमा क्यान्सरसहित अतिविशिष्टिकृत सेवा हुने छ । प्राडा न्यौपानेले भन्नुभयो, "विश्वका सुविधासम्पन्न अस्पतालले दिन सक्ने सेवा यही दिने गरी ठूलो लगानीमा अत्याधुनिक उपकरणसहितको अस्पताल सञ्चालन गर्दैछौँ। सरकर उपचारका लागि विदेश जानुनपर्ने हाम्रो ध्येय रहने छ। " तीन सय शय्याको यस अस्पतालले प्रमुख रुपमा क्यान्सरको उपचार गर्ने छ भने यससँगै सबै खालका विशेषज्ञ सेवा अस्पतालले दिने छ। अनुभवी विशेषज्ञ चिकित्सकहरूले अस्पतालबाट सेवा दिने छन्।

नेपाली लगानीको निजी क्षेत्रको सबैभन्दा ठूलो अस्पताल यो हुने उहाँले दावि समेत गर्नुभयो। यस अस्पताल सञ्चालनमा आएसँगै भारतलगायतका देशहरू जाने बिरामीले सोहीअनुरुपको सेवा स्वदेशमा पाउने प्रा डा न्यौपानेले जानकारी दिनुभयो।

उहाँका अनुसार सिएमसी हेटौँडा अस्पतालको निर्माण थालिएको छ। हेटौँडा उपमहानगरपालिका-४ मा अवस्थित, राजमार्गसँगै १९ कट्ठा जमिनमा निर्माण थालिएको हो । अस्पतालका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रताप देवकोटाले विसं २०८४ को दशैँबाट सेवा सुरु गर्ने गरी एक सय शय्या अतिविशिष्टिकृत अस्पताल सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो। रु दुई अर्ब ५० करोड हाराहारी लगानी हुने अनुमान गरिएको छ।

सिएमसीको नेतृत्वमा स्थानीय समेत साझेदार रहेको यस अस्पताल सुरु भएसँगै मकवानपुर र आसपासका जिल्लाका बासिन्दा लाभान्वित हुने उहाँले बताउनुभयो । सँगै स्थानीयले रोजगारीको अवसर पाउने भएका छन्। हाल ती क्षेत्रका बिरामी विशिष्टिकृत सेवाका लागि भरतपुर, काठमाडौँ र भारतसमेत जानुपर्ने बाध्यता रहेको छ।

बीस वर्षअघि भरतपुर महानगरपालिका-१० मा स्थापना भएको चितवन मेडिकल कलेजले सात सय शय्याबाट सेवा दिँदै आएको छ। नेपालका मेडिकल कलेजहरूमा धेरै बिरामी हेर्नेमध्यको एक यस अस्पतालले त्रिभुवन विश्वविद्यालयका स्वास्थ्यका शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। रासस

# नेपाल उद्योग वाणिज्य महासङ्घको 'छ स्तम्भ, साठी पहल' सार्वजनिक

काठमाण्डु। नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) ले 'छ स्तम्भ, साठी पहल' शीर्षकको रणनीतिक कार्यक्रम तथा कार्ययोजना सार्वजनिक गरेको छ।

महासङ्घको ६०औँ वार्षिक साधारणसभाबाट निर्वाचित २१औँ अध्यक्ष श्रेष्ठको पद बहालीसँगै उक्त कार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने निर्णय गरिएको महासंघले जनाएको छ।

महासङ्घले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम तयार गरिएको जनाएको छ। 'छ स्तम्भ, साठी पहल' कार्यक्रममार्फत निजी क्षेत्रको साझा आवाजलाई थप प्रभावकारी, विश्वसनीय र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ।

अध्यक्ष श्रेष्ठका अनुसार कार्यक्रमअन्तर्गत प्रत्येक स्तम्भमा कार्यान्वयनयोग्य पहल, समय सीमा, जिम्मेवारी निर्धारण तथा अपेक्षित उपलब्धिसहितको विस्तृत कार्ययोजना तयार गरिएको छ। उहाँले महासङ्घको सेवा प्रवाह सुदृढीकरण,



डिजिटल प्रणाली विकास, नीति पैरवीको प्रभावकारिता वृद्धि, सङ्घीय संरचनाअनुसार सदस्य संस्थासँग समन्वय, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन, अन्तरराष्ट्रिय व्यापार विस्तार तथा आर्थिक कूटनीतिक सम्बन्ध मजबुत बनाउने बताउनुभयो।

महासङ्घले पहिलो स्तम्भअन्तर्गत सदस्यलाई प्रदान गरिने सेवा विस्तार तथा सञ्जाल सुदृढीकरणमा जोड दिएको छ। दोस्रो स्तम्भमा आर्थिक सुधार तथा सुशासनलाई प्राथमिकता दिएको छ। महासङ्घले सार्वजनिक नीति, अर्थतन्त्र, व्यापार तथा कानुन अनुसन्धान शाखा स्थापना गर्ने, कानुन डेस्क सञ्चालन गर्ने तथा बजेट र मौद्रिक नीतिमा निजी क्षेत्र केन्द्रित सुझावपत्र तयार गर्ने जनाएको छ।

तेस्रो स्तम्भमा प्रतिस्पर्धात्मकता वृद्धि तथा औद्योगिक विस्तारमा केन्द्रित कार्यक्रम राखिएको छ। चौथो स्तम्भअन्तर्गत विकास साझेदारी, सीप विकास, महिला उद्यमशीलता, प्रवासी नेपालीको लगानी सहजीकरण तथा हरित वित्त र दिगो विकास लक्ष्यअनुरूप निजी क्षेत्र कार्यक्रम अघि बढाइने महासङ्घले जनाएको छ।

पाँचौँ स्तम्भमा श्रम, सीप तथा उत्पादकत्व सुधारका कार्यक्रम समावेश छन्। छैटौँ स्तम्भमा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राखिएको छ। रासस

# आर्थिक गणनामा व्यावसायिक प्रतिष्ठानलाई सहभागी हुन आह्वान

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आह्वान गरेको छ।

आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने संस्थालाई गणना प्रक्रियामा सहभागी हुन राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत आर्थिक गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले आग्रह गर्नुभयो।




मुलुकको आर्थिक गतिविधि प्रस्तुत गर्ने र आर्थिक नीतिनिर्माणमा आधार प्रदान गर्ने उद्देश्यले यही वैशाख २ देखि असार ७ गतेसम्म गणना कार्य जारी छ । उहाँका अनुसार गणनाका क्रममा व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैङ्क तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ।

व्यावसायिक रूपमा दर्ता भएका करिब चार लाख ८० हजार व्यापारिक संस्था हालसम्म उक्त आर्थिक गणनामा समावेश भएका छन्। यही वैशाख २२ गतेसम्म देशभर ३२ प्रतिशत आर्थिक गणना सम्पन्न भएको निर्देशक डा ढकालले बताउनुभयो।

विसं २०७५ मा पहिलोपटक गणना गरिएकामा यसपटक दोस्रो गणना भइरहेको छ । देशको वास्तविक आर्थिक अवस्था मापन गर्ने लक्ष्य राखिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरिवेक्षक खटिएका छन् । सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार-व्यवसाय, र सेवा क्षेत्रलाई समेट्न गणकले देशभर स्थलगत विवरण सङ्कलन गरिरहेका छन् । सात हजार ४५३ व्यावसायिक प्रतिष्ठानले आफ्नो विवरण आफैं 'अनलाइन'बाट भर्ने प्रतिबद्धता जनाएका र तीमध्ये एक हजार ६१५ विवरण भरेर गणनामा सहभागिता भएका कार्यालयले जनाएको छ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ। रासस

# अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध

काठमाण्डु। इजरायलस्थित नेपाली राजदूतावासले इजरायल तथा साइप्रसमा रही कोही कसैले पनि अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध गरेको छ।

त्यहाँस्थित दूतावासले बुधबार सूचना जारी गरी इजरायल तथा साइप्रसमा रही कसैले त्यस्तो काम कारोबार गरेको भए त्यस्तो कार्य गर्ने, गराउनेको विवरण प्रमाणसहित राजदूतवासमा जानकारी गराउन आग्रहसमेत गरेको छ। यसले अनौपचारिक रूपमा हुने विप्रेषणलाई रोक्ने कार्यमा सहयोग पुग्ने दूतावासको अपेक्षा छ।

सूचनामा भनिएको छ, "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम कारोबार (हुण्डी) गरेका वा सङ्कलित रकम नेपाल नपठाएको गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने व्यवस्था भएबमोजिम राजदूतावासले सोसम्बन्धी सूचना राजदूतावासमा उपलब्ध गराउन समय समयमा सूचना प्रकाशित गर्दै आएको छ।'

नेपाल सरकार (मन्त्रिपरिषद्) ले गत चैत १३ मा स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीको बुँदा नं ४५ मा एकीकृत ' डिजिटल' सम्पत्ति दर्ता प्रणालीको स्थापना गर्ने, जोखिममा आधारित संकेत्त प्रणाली लागू गर्ने तथा सन्देहात्मक कारोबारको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसन्धान प्रक्रिया अगाडि बढाउने उल्लेख भएको दूतावासको उल्लेख गरेको छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## मोहीको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा गा.वि.स. वेंगाडावर वा.नं.४ हाल मिथिला नगरपालिका वा.नं. ८ बस्ने मताल तमाङ्ङ्गको बुहारी लाल बहादुर तमाङ्गको श्रीमती बुधुमाया कुमारीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा वेंगाडावर गा.वि.स. वा.नं. नं.४ख कि.नं.३० को ०-०-८-० जग्गामा ऐ. ऐ बस्ने कर्म सिंह हेन्जन तमाङ्ग नाउँको व्यक्ति मोही रहेको निज र निजको श्रीमती/पत्नी दुवै जनाको मृत्यु भई सकेको मृतकहरुको छोरा छोरीको जाय जन्म भएको थिएन मोहीको जहान परिवार र हकदार भूमि सम्बन्धी ऐन २०२१ को दफा २६ को उपदफा १ अनुसारको कुनै हकदार नरहेको र विपक्षी मोही र मोहीको कोही हकदारहरुले नालेश उजुर गर्न नआएकोले मरुवा मोही लगत कट्टा गरी पाउँ भन्ने दावी व्यहोराको फिरादी-पत्र यस कार्यालयमा पर्न आएकोमा कार्वाहीको सिलसिलामा मिति २०८३/०१/२३ गतेमा मृतक मोहीको हक अपुताली खाने नजिकका हकदारहरुको हकदावि सम्बन्धि ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्नु भनि भएको आदेशानुसार हकदावि सम्बन्धि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएको छ। अतः फिरादी/ जग्गा धनीको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गाको मोही जिल्ला धनुषा गा.वि.स. वेंगाडावर वा. नं.४ हाल मिथिला नगरपालिका वा.नं.८ मा बस्ने कर्म सिंह हेन्जन तामाङ्गको मोही रहेकोमा मृतक मोहीको हक अपुताली खाने नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो लिखित जवाफ प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम तपसिलमा उल्लेखित किता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वेंगाडावर | ४ख | ३० | ०-०-८-० | कर्म सिंह हेन्जन तामाङ्ङ्ग |

# रासायनिक मलको अभाव

टुडे समाचारदाता



जनकपुरधाम । खेतीपातीको सुरु भएसँगै मधेश प्रदेशमा फेरी रासायनिक मलको अभाव भएको छ। मकै, चैते धान र उखु खेतीका लागि अत्यावश्यक मानिने डीएपी र युरिया मल समयमा उपलब्ध नभएपछि किसानहरू निराश मात्र नभई आक्रोशितसमेत बनेका छन् ।

मधेश प्रदेशलाई मुलुककै प्रमुख अन्न भण्डार भनिन्छ । धान, गहुँ, मकै, उखु तथा तरकारी उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने मधेशमा मल अभावले खेती प्रणाली नै प्रभावित हुने अवस्था सिर्जना हुँदा किसानहरू चिन्तित देखिएका छन्। आवश्यक मल, भरपर्दो सिँचाइ र उन्नत बीउ अभावले उत्पादन घट्दै गएको किसानहरुको भनाई छ।

धनुषाका किसान रामप्रसाद साहले भने 'सरकारले कृषि उत्पादन र आत्मनिर्भरताको नारा दिएपनि व्यवहारमा किसानलाई आवश्यक सेवा दिन सकिरहेको छैन।'

यतिबेला मधेशका अधिकांश किसान मकै बालीमा मल हाल्ने तयारीमा छन् भने केही सातापछि धान रोपाइँको सिजन सुरु हुँदैछ। तर, सरकारी अनुदानको मल पर्याप्त मात्रामा उपलब्ध नभएपछि किसानहरू निजी बजार धाउन बाध्य भएका छन् । निजी बजारमा पनि मल सहज रूपमा नपाइने र पाइए पनि चर्को मूल्य तिर्नुपर्ने अवस्था रहेको किसानहरू बताउँछन् ।

सर्लाहीको नवलपुरका किसान अशोक झाले बजारमा मलको अभावसँगै कालोबजारी मौलाएको गुनासो गरेका छन्। उनका अनुसार सरकारी बिक्री केन्द्रमा मल नपाइएपछि किसानहरू निजी व्यापारीको भर पर्न बाध्य छन्। त्यहाँ मनोमानी मूल्य असुल भइरहेको छ।

उनले भने 'उखु रोप्ने बेला भइसक्यो । तर, मल पाइएन,' उनले भने, 'सरकारी गोदाम खाली छ, निजी पसलमा महँगोमा बेचिरहेका छन् ।'

धनुषाको नगराइन नगरपालिका निवासी ज्योतिष चन्द्र झाले विगतका वर्षहरूमा भारतबाट सीमावर्ती क्षेत्रमा मल ल्याएर केही राहत मिल्ने गरेको भए पनि अहिले सीमा क्षेत्रमा कडाइ बढेपछि समस्या झन् चर्किएको बताए । धान, गहुँ र मकैजस्ता बालीमा मलको मात्रा कम हुँदा उत्पादन आधासम्म घट्न सक्ने कृषकहरू बताउँछन् ।

त्यता, सरकारी निकायले भने मागअनुसार मल आपूर्ति हुन नसक्दा समस्या उत्पन्न भएको बताएका छन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका बाली विकास अधिकृत रविन बस्नेतले प्रदेशलाई आवश्यक पर्ने अनुपातमा मलखाद्य संघबाट उपलब्ध नगराएकाले आभाव हुन गएको बताए।

उनले भने 'प्रदेश सरकार आफै मल खरिद गर्ने व्यवस्था छैन, संघीय सरकार मातहतका रहेका साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीमार्फत आपूर्ति हुने हो । आपूर्ति बढाउन पटक पटक माग गरिरहँदा पनि नबढाउँदा समस्या बढेको हो।'

बस्नेतका अनुसार संघीय मन्त्रालयले वैकल्पिक उपाय अपनाउन निर्देशन दिएको छ। त्यसअनुसार जैविक मल तथा वैकल्पिक पोषण व्यवस्थापनतर्फ किसानलाई प्रोत्साहन गर्ने तयारी भइरहेको उनले बताए । तर, किसानहरू भने तत्काल खेती बचाउन रासायनिक मल नै आवश्यक छ त्यो पनि तत्काल उपलब्ध गराउन सक्ने अवस्था छैन।

कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश वीरगंजका सूचना अधिकारी दिनेश शर्माले मधेश प्रदेश मात्रै होइन मुलुकभर नै मागअनुसार मल आयात हुन नसक्दा समस्या गम्भीर बनेको बताएका छन्।

उनका अनुसार नेपाललाई वार्षिक रूपमा करिब १७ देखि १८ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्ने भएपनि सरकारले ३ देखि ४ लाख मेट्रिक टनमात्र आयात गरिरहेका छन्। यसैकारण प्रत्येक वर्ष मलको आभाव हुने गरेको छ। उनले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, ढुवानी लागत र खरिद प्रक्रियामा हुने ढिलाइका कारण पनि यसवर्ष मल आपूर्ति प्रभावित बनेको हो।

कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामको साउन १ गतेदेखि चैत ३० गतेसम्मको तथ्यांक अनुसार हाल कार्यालयमा युरिया २७ हजार ४३१ मेट्रिक टन, डीएपी १० हजार २१५ मेट्रिक टन, पोटास ४ हजार ७५८ मेट्रिक टन तथा चुन ५२ मेट्रिक टनसहित अन्य मल गरी कुल ४२ हजार ६२८ मेट्रिक टन मौज्दात रहेको उल्लेख छ।

# समायोजन प्रक्रियापछि सरकार बारे जसपाले निर्णय गर्ने

**श्रोतका अनुसार सरकारको नेतृत्वमा एमाले समेत दाबी गर्न थालेपछि जसपा नेपाल पर्ख हेरको रणनीति अपनाएका हो । समायोजन प्रक्रिया पुरा भएपछि जसपा नेपाल २६ सिटसहित ठूलो दलको हैसियतमा सरकार नेतृत्वमा दाबी गर्नेछ ।**

टुडे समाचारदाता

जनकपुरधाम । मधेश सरकार बारे निर्णय गर्न गर्न जनता समाजवादी पार्टी (जसपा) नेपालका शिर्ष नेताहरु छलफलमा जुटेका छन। जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकार संकटमा फंस्दा सरकारबाट समर्थन फिर्ता लिने वा जारी राख्ने बारे जसपा नेपालका शिर्ष नेताहरु छलफलमा जुटेका हुन् ।

३० दिन भित्र विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यताका बीच वर्तमान सरकारलाई समर्थन जारी राख्ने की फिर्ता लिन नेताहरु छलफल गर्न काठमाडौ पुगेका छन । जनमत पार्टीले समर्थन फिर्ता लिएकै दिन जसपा नेपालले समेत समर्थन फिर्ता लिने चर्चा चलेपछि जसपा आन्तरिक छलफल शुरु गरेका छन् ।

पर्ख र हेरको रणनीति अपनाएका जसपा नेपालले केन्द्रिय नेतृत्व संगको समन्वयमा निर्णय लिने भन्दै मधेश प्रदेशका तीन जना पूर्व मुख्यमन्त्री सहितका नेताहरु काठमाडौमा गएको बुझिएको छ।

बिहीवार पार्टी कार्यालय बालकुमारीमा मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउत, पूर्व मुख्यमन्त्री एवं संसदीय दलका नेता सरोज कुमार यादव, पूर्व मुख्यमन्त्री जीतेन्द्र सोनल, पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्व राज्यमन्त्री सुरेश कुमार मण्डल सहितका नेताहरुले मधेश प्रदेश सरकार बारे छलफल गरेको बताइएको छ।

चुनावको मुखमा तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टीसंग एकीकरण गरेको भएपनि समायोजन प्रक्रिया बाँकी नै रहेकाले समायोजन प्रक्रिया सकिएपछि मात्र सरकारबारे जसपा



नेपालले औपचारिक निर्णय गर्ने निष्कर्षमा पुगेको श्रोतले जनाएको छ।

श्रोतका अनुसार सरकारको नेतृत्वमा एमाले समेत दाबी गर्न थालेपछि जसपा नेपाल पर्ख हेरको रणनीति अपनाएका हो । समायोजन प्रक्रिया पुरा भएपछि जसपा नेपाल २६ सिटसहित ठूलो दलको हैसियतमा सरकार नेतृत्वमा दाबी गर्नेछ।

यसैबीच जसपा नेपाल र लोसपा नेपालका पदाधिकारीहरु पार्टी समायोजनको प्रक्रिया कहाँसम्म पुग्यो भन्ने कुरा बुझ्न बिहीवार नै निर्वाचन आयोगको कार्यालयमा पुगेका छन् । जसपा नेपालको समायोजनपछि पार्टी मधेश प्रदेशको सबै भन्दा ठूलो दल बनेर सरकार नेतृत्वको दाबी गर्ने पक्षमा रहेका कारण अहिले समर्थन बारे कुनै औपचारिक निर्णय नगरेको बुझिएको छ।

तत्कालिन जसपा नेपालको १९ र लोसपा नेपालको ८ गरि जम्मा जम्मा २६ सांसद रहेका छन्। जसपा र लोसपा दुवैबाट एक/एक सांसद निलम्बित छन् भने जसपाबाट एक जना सांसद सभामुख भएका छन् । यस अर्थले एकीकृत जसपा नेपालसँग २५ सीट मात्र हुन जान्छ।

जनमत पार्टीले समर्थन फिर्ता लिए पछि मधेश प्रदेशको सरकार संकटमा परेको छ । जसपा नेपालको निर्णय निर्णायक रहेको हुनाले सबै दल जसपा नेपालको निर्णयलाई पर्खी रहेको छ । अहिले जसपा नेपाल निर्णायक भूमिका रहेका छन् ।

कांग्रेस र नेकपालाई एकल्याएर एमाले, जसपा नेपाल र जनमत सम्मिलित सरकार बनाउने कसरत भइरहेको कुरा चर्चामा रहेको छ। अहिले प्रदेश सभामा १०० सांसद रहेकोमा नयाँ सरकार बनाउन ५१ सिट चाहिन्छ । चर्चामा रहेको नयाँ समीकरण अनुसार बन्ने सरकारका लागि दलहरुसँग एमालेको २४, जसपा नेपालको १८, लोसपा नेपालको ८ र जनमत पार्टीको १२ सहित ६२ सिट पुग्छ।

## बालबालिकालाई प्रदर्शनमा नलगाउन चेतावनी

टुडे समाचारदाता

जलेश्वर। बालबालिकालाई राजनीतिक गतिविधिमा संलग्न नगराउन राजनीतिक दल तथा विभिन्न समूहलाई जिल्ला प्रशासन कार्यालय महोत्तरीले चेतावनी दिएको छ।

बिहीवार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले आन्दोलन, बन्द, हड्ताल, जुलुस, धर्ना तथा चक्काजामजस्ता गतिविधिमा बालबालिकाको प्रयोग नगर्न आग्रह गरेको हो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको हस्ताक्षर रहेको सूचनामा पछिल्लो समय विभिन्न राजनीतिक उद्देश्य पूरा गर्न बालबालिकालाई संगठित गरी सडक प्रदर्शन तथा आन्दोलनमा उतार्ने कार्य हुँदै आएकोमा अब त्यस्तो नगर्न भनेका छन्। बालबालिकालाई राजनीतिक प्रयोजनका लागि प्रयोग प्रदर्शन वा आन्दोलनमा लगाएमा बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार कारवाही प्रत्रिया अघि बढाइने चेतावनी दिएका छन्।

ऐनको दफा ६६ अनुसार यस्तो कार्य बालबालिकाविरुद्धको कसुर अन्तर्गत पर्ने जनाइएको छ। जिल्ला प्रशासन कार्यालयले कुनै पनि दल वा समूहलाई आफ्नो स्वार्थका लागि बालबालिकाको भविष्य र मनोविज्ञानमाथि खेलबाड नगर्न सचेत गराएको छ।

सूचनाको अवज्ञा गर्दै बालबालिकालाई राजनीतिक गतिविधिमा परिचालन गरेको पाइएमा संलग्न व्यक्ति वा पक्षमाथि प्रचलित कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले जनाएको छ।

# ठाकुरले लोसपा कार्यालयमा काटे केक

टुडे समाचारदाता



जनकपुरधाम । एकीकृत जनता समाजवादी पार्टी (जसपा) नेपाल संरक्षक महन्थ ठाकुर आफ्नो पुरानै लोकतान्त्रिक पार्टी (लोसपा) नेपालको कार्यालयमा केक काटेर जन्मदिन मनाएका छन् । ठाकुर तत्कालीन लोसपाका अध्यक्ष रहेका छन्।

तत्कालीन लोसपा र जसपाबीच एकीकरण भइ समायोजन प्रक्रियामा रहेको क्रममा ठाकुरले आफ्नो पुरानै लोसपाको कार्यालयमा जन्मदिन मनाउनु कुरा बहसको विषय बनेको छ। जसपा नेपालको संरक्षक भइसकेको अवस्थामा पुरानै पार्टीलाई ग्राहयता दिनुलाई अर्थपूर्ण मानिएको छ।

लोसपा र जसपा नेपाल एकीकरण भइसकेपनि आन्तरिक रुपमा एकीकरण हुन नसकेको भन्ने कुरा ठाकुरले पार्टी कार्यालयमा मनाएको जन्मदिनलाई हेरिन्छ। जसपा नेपालकै कोटाबाट ठाकुर राष्ट्रिय सभाका उम्मेदवार बनेका थिए। हुन त ठाकुरलाई केक खुवाउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव समेत लोसपाको पार्टी कार्यालय पुगेका थिए। समायोजन प्रक्रिया कहाँसम्म पुग्यो भन्ने बारे बुझ्न दुवै पक्ष निर्वाचन कार्यालयमा समेत बिहीवार पुगेको थियो।

यसैबीच लोसपा कार्यालय रहेको जग्गा खाली गर्न सरकारले निर्देशन दिइसकेको छ । पार्टी कार्यालयका लागि नयाँ जग्गाको खोजीमा रहेका लोसपाका नेताहरुले अध्यक्ष ठाकुरको जन्मदिन कार्यालयस्थलको लागि अन्तिम रहेको भन्ने पार्टीको अविस्मरणीय क्षण बनाउन मनाइएको लोसपाका एक नेताले बताएका छन्।

# डेरी उद्योगमा अनुगमन

टुडे समाचारदाता

जनकपुरधाम। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनुषाले जनकपुरधामस्थित एक डेरी उद्योगमा अनुगमन गर्दै १०५ किलो दही नष्ट गरेको छ।

कार्यालयको टोलीले जनकपुरधाम उपमहानगरपालिका-४ विश्वकर्मा चोकमा सञ्चालित गोपाल डेरी उद्योगमा अनुगमन गर्दा गुणस्तरहीन तथा उपभोगका लागि अनुपयुक्त देखिएको दही फेला परेपछि नष्ट गरिएको जनाएको छ।

खाद्य प्रविधि कार्यालयका अनुसार नियमित बजार अनुगमनका क्रममा डेरी उद्योगमा उत्पादित दहीको गुणस्तर परीक्षण गर्दा मापदण्ड अनुसार नभेटिएकाले १०५ किलो दही नष्ट गरिएको हो। टोलीले डेरी उद्योगलाई सरसफाइ, उत्पादन प्रक्रिया तथा खाद्य मापदण्ड पालना गर्नसमेत निर्देशन दिएको जनाएको छ।

कार्यालयले पछिल्लो समय जनस्वास्थ्यलाई ध्यानमा राख्दै डेरीजन्य वस्तु, मिठाइ, पेय पदार्थ तथा दैनिक उपभोग्य सामग्रीमा निगरानी बढाइएको जनाएको छ। गुणस्तरहीन खाद्य वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने उद्योग व्यवसायमाथि कारबाहीलाई निरन्तरता दिइने चेतावनीसमेत दिएको छ।

# ५ करोड बढीको अवैध सामान बरामद

टुडे समाचारदाता



मलंगवा । सर्लाहीबाट चालू आर्थिक वर्षमा सशस्त्र प्रहरीले ५ करोड ६८ लाख १५ हजार ९ सय ८ रुपैँया ६ पैसा बराबरको अवैध सामान बरामद गरी भन्सार कार्यालयमा दाखिला गरेको छ।

जिल्लास्थित विभिन्न युनिटबाट खटिएको टोलीले विभिन्न मितिमा भारतबाट अवैध रुपमा भित्रियाउने क्रममा उक्त सामानहरु बरामद् गरी आवश्यक कारबाहीका लागि भन्सार कार्यालय सर्लाहीमा बुझाइएको सशस्त्र प्रहरी बल नम्बर १० गण सर्लाहीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक अमर बहादुर खत्रीले जनाएको छ।

यसैगरी विभिन्न जातका २४१८.२८ क्युबिक फिट काठ, लागु औषध नियन्त्रण अभियान अन्तर्गत ३१८.८ किलो गाँजा, १४२५० मिलिलिटर (१४३ बोतल) प्रतिबन्धित लागूपदार्थ बरामद् तथा पटक-पटक विभिन्न अपराधमा संलग्न ५ जनालाई पक्राउ गरी आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा बुझाइएको सप्रउ खत्रीले जानकारी दिए।

त्यस्तै मानव बेचविखनतर्फ ८ जनाको उद्दार गरी सम्बन्धित परिवारलाई बुझाईएको र हुण्डीको आशंकामा ५ लाख ४३ हजार ८९६ रुपैंया बरामद गरी भन्सार कार्यालयमा बुझाइएको छ। बाढी डुवानमा फसेका २३ जनाको सकुशल उद्धार गरिएको र सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत २ कोठे पक्की सार्बजनिक सौचालय निर्माण, १ चापाकल बोरिङ गरिएको सप्रउ खत्रीले जानकारी दिए।

त्यसैगरी गणमा ४ पटक रक्तदान कार्यक्रम संचालन गर्नुका साथै लागूऔषध, सीमा अपराध, विपद् जोखिम न्यूनिकरण जस्ता बिषयमा १०९ वटा सचेतनामुलक कक्षा संचालन गरिएको र विपद् व्यवस्थापन सम्बन्धी ४ वटा अभ्यास संचालन गरिएको छ।

भारतीय सीमाबाट हुने गैर कानूनी कार्यहरु नियन्त्रणसहित जिल्लास्थित अन्य स्थानमा हुने गैरकानूनी एवं अपराधिक कार्य नियन्त्रणमा समेत सशस्त्र प्रहरी बलले सकृय रुपमा काम गरिरहेको सप्रउ खत्रीले जानकारी दिए। सर्लाहीमा सशस्त्र प्रहरीको एउटा गण हेडक्वाटरसहित, २ वटा गुल्म, ९ वटा बीओपी र ७ वटा बेस क्याम्प रहेको छ।

# राष्ट्रिय परिचयपत्र दुई दिनदेखि अवरुद्ध




टुडे समाचारदाता

वीरगञ्ज । राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा जिल्ला प्रशासन कार्यालय पर्सामा दुई दिनदेखि अवरुद्ध रहेको छ। राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (एनआईडीएमआईएस) मा आएको प्राविधिक खराबीका कारण बुधबारदेखि सेवा प्रभावित रहेको जनाइएको छ।

बिहीबार जिल्ला प्रशासन कार्यालय पर्साले सार्वजनिक सूचना जारी गर्दै केन्द्रीय सर्भरमा आएको प्राविधिक समस्याका कारण पर्सासहित देशभरका जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा अवरुद्ध भएको जनाएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालका अनुसार राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमा प्राविधिक समस्या देखिएपछि मर्मत कार्य जारी रहेको छ। हालसम्म सर्भर पूर्ण रूपमा सञ्चालनमा नआएकाले सेवा पुनः सुचारु हुन सकेको छैन।

उनले अर्को सूचना प्रकाशित नभएसम्म जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने राष्ट्रिय परिचयपत्र सम्बन्धी सम्पूर्ण सेवा स्थगित रहने जानकारी दिएका छन् । साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट सर्भर मर्मत सम्पन्न भएको जानकारी प्राप्त हुनासाथ सेवा पुनः सञ्चालन गरिने पनि उनले बताए।

# सरकारविरुद्ध प्रदर्शन

टुडे समाचारदाता



वीरगञ्ज। त्रिभुवन राजपथको अतिक्रमित बाटो नियन्त्रण गर्ने बहानामा वीरगञ्ज मुख्य सडकमा डोजर चलाएर सरकारले तहसनहस बनाएको भन्दै स्थानीय घरधनीहरु मानवसाङलो बनाएर प्रदर्शन गरेका छन् ।

त्रिभुवन राजपथ अन्तर्गत वीरगञ्ज मुख्य सडक (मेनरोड) विस्तार गर्ने सरकारी तयारी विरुद्ध स्थानीय घरधनीहरू विहिवार गण्डक देखि मितेरी पुल सम्म 'डोजर आतंक' बन्दको गर्न माग गर्दै मानवसाङ्लो बनाएर प्रदर्शन गरेको हो।

विकासको नाममा दशकौं देखि बसोबास गर्दै आएका नागरिकलाई उठीबास लगाउन खोजिएको आरोप लगाउदै प्रदर्शनकारीहरूले सडक को दुवैतर्फ हातेमालो गरेर विरोध गरेको छ। प्रदर्शनमा सहभागीहरूले "हामी विकास र विस्तार चाहन्छौ, तर वैकल्पिक उपाय खोजौ", "विकासको नाममा विनाश गर्न पाइदैन" तथा "वीरगञ्जको मेनरोडलाई शहरी मार्ग कायम गर" लगायतका नारासहित प्लेकार्ड बोकेर प्रदर्शन गरेका छन् ।

विरोध सभामा बोल्दै स्थानीय घरधनीहरूले कानुनी प्रक्रिया पूरा गरेर निर्माण गरिएका पुराना घर तथा व्यापारिक संरचना भत्काएपछि यहाँको अर्थतन्त्र, व्यापारिक अस्तित्व र ऐतिहासिक पहिचानमा गम्भीर असर पर्ने चेतावनी पनि दिएका छन् ।

उनीहरूले त्रिभुवन राजपथको वैकल्पिक मार्ग (बाइपास रोड) सञ्चालनमा आइसकेकाले मुख्य बजार क्षेत्रलाई फराकिलो राजमार्ग होइन, व्यवस्थित 'अर्बन रोड' का रूपमा विकास गर्नुपर्ने माग राखे । पूर्वमेयर विजय सरावगीले आफूहरू विकास विरोधी रहेको भन्दै वैज्ञानिक अध्ययन, उचित मुआब्जा र वैकल्पिक व्यवस्थाबिना डोजर चलाउनु अन्यायपूर्ण हुने बताए । "हजारौं परिवारलाई सुकुम्बासी बनाएर गरिने विकास न्यायसंगत हुँदैन," उनले बताए।

मुख्य सडक विस्तारले वीरगञ्जको प्रमुख व्यापारिक क्षेत्रमा त्रास फैलिएको छ। स्थानीय प्रशासनले सडक सीमाभित्र रहेका संरचना हटाउन सूचना जारी गरिसकेको छ भने घरधनीहरूले माग सम्बोधन नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिएका छन्।

## जग्गा खाली गराउने तयारी

टुडे समाचारदाता

लहान। सिरहा जिल्लास्थित सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने तयारी अघि बढाइएको छ। जिल्ला प्रशासन कार्यालय, सिरहाले एक सूचना जारी गर्दै जिल्लाका स्थानीय तह र सम्बन्धित निकायलाई यसका लागि आवश्यक प्रक्रिया थाल्न निर्देशन दिएका छन्।

जिल्लाभित्र अतिक्रमणमा रहेका सार्वजनिक तथा सरकारी जग्गाको पहिचान र त्यस्ता जग्गामा बसोबास गरिरहेका व्यक्तिहरूको पहिचान गर्न स्थानीय तहलाई बिहीवार सूचनामा आग्रह गरिएको छ। यसरी वास्तविक सुकुमवासीको पहिचान भएपछि उनीहरूलाई सुरक्षित आवास, स्वास्थ्य, खाद्य तथा अन्य आधारभूत सुविधासहित वैकल्पिक व्यवस्थापनको योजना बनाउन भनिएको छ।

आगलागी
चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी
समयमै टारौं।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८